श्रीमदन्नंभट्टविरचितः

# तर्कसंग्रहः

(सुखबोधिनी नेपाली अनुवादसहित)


अनुवादक / सम्पादक

तुलसी पौडेल

(न्याय-सर्वदर्शनाचार्य)



प्रकाशक

श्रीलक्ष्मीनारायण संस्कृत गुरुकुलम्

विराटनगर-५, कञ्चनवारी



onlinesanskritbooks.com

श्रीमदन्नंभट्टविरचित:

# तर्कसंग्रहः

*(सुखबोधिनी नेपाली अनुवादसहित)*


अनुवादक / सम्पादक

तुलसी पौडेल

(न्याय–सर्वदर्शनाचार्य)



प्रकाशक

श्री लक्ष्मीनारायण संस्कृत गुरुकुलम्

विराटनगर–५, कञ्चनवारी


onlinesanskritbooks.com

| | |
|---|---|
| कृति | तर्कसंग्रह |
| अनुवादक तथासम्पादक | तुलसी पौडेल |
| प्रकाशक | श्रीलक्ष्मीनारायण संस्कृत गुरुकुलम्<br>कञ्चनवारी, विराटनगर |
| प्रकाशन मिति | २०७० आसाढ (गुरुपुर्णिमा) |
| प्रति | ५०० |
| मुल्य | १५० |
| मुद्रण | ओखलढुङ्गा प्रिन्टिङ् (छापाखाना)<br>विराटनगर-३ |


onlinesanskritbooks.com

# शुभकामना

प्रस्तुत तर्कसंग्रह ग्रन्थ मुख्यरूपमा न्याय र वैशेषिक दर्शन प्रवेशका लागि लेखिएको प्रकरण ग्रन्थ भए तापनि सामान्यरूपमा सबै प्राच्य दर्शनहरूको पनि प्रवेश ग्रन्थ हो, किनकि यस ग्रन्थको अध्ययन विना कुनै पनि दर्शनमा प्रवेश असम्भव प्रायः नै छ । भारतीय दाक्षिणात्य विद्वान् श्रीमद्-अन्नंभट्टद्वारा विरचित यस ग्रन्थको महत्त्व यसका शताधिक व्याख्या, उपव्याख्या, भाषानुवाद, भावानुवाद आदिबाट र सम्पूर्ण संस्कृत शिक्षण संस्थानहरूले आफ्नो अनिवार्य पाठ्यग्रन्थका रूपमा पाठ्यक्रममा समावेश गरेको हुनाले पनि स्पष्ट हुन्छ। यस्तो महत्त्वपूर्ण ग्रन्थको भारतका हिन्दी आदि विभिन्न भाषाहरूमा अनुवाद, व्याख्या गरिएको भए तापनि नेपालीभाषी पाठकहरूका लागि भाषानुवाद सहितको ग्रन्थ दुर्लभ नै भएको थियो ! विद्यार्थी जीवनमा आफूलाई पनि यसको आवश्यकता खड्किरहेको थियो । त्यही कुरालाई हृदयङ्गम गरी मेरा अन्तेवासी युवा विद्वान्, न्याय-सर्वदर्शनाचार्य **श्री तुलसी पौडेलज्यूले** यस आवश्यक कार्यलाई मूर्तरूप दिनुभएको थाहा भयो । यसको सरल नेपाली भाषामा अनुवाद सहित मूल तर्कसंग्रहको पनि सम्पादन गर्दै गरेको मूल पाण्डुलिपिलाई हेर्न पाउँदा अत्यन्त आनन्दानुभव भएको छ । न्यायशास्त्रमा प्रवेश गर्न इच्छुक बालकहरूले सजिलै

onlinesanskritbooks.com

न्यायशास्त्रको ज्ञान गर्न सकून् भन्ने उद्देश्यले लेखिएको यस ग्रन्थको यस प्रकारको सरल भाषानुवाद कार्यले न्यायशास्त्र प्रवेश गर्न इच्छुक नेपालीभाषी बालक छात्रहरूका लागि अत्यन्त लाभ मिल्नेछ भन्ने मैले विश्वास लिएको छु। यो अनुवाद विशिष्ट विद्वान्हरूका लागि नभएर प्रारम्भिक अध्ययन गरिरहेका छात्रहरूका लागि भएको हुनाले त्यस्ता लघु बालकहरूलाई अत्यन्त उपयोगी हुने निश्चित छ। अतः यस प्रकारको सारस्वत साधनारूपी प्रशंसनीय कार्य गर्नुहुने श्री तुलसी पौडेलजीको यस्ता कार्यमा निरन्तर प्रवृत्ति बनिरहोस् र उहाँको उत्तरोत्तर प्रगति भइरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

२०७१, आषाढ          शुभेच्छुक

उपप्रा. डा. रघुनाथ नेपाल
न्याय-व्याकरण-सर्वदर्शनाचार्य

केन्द्रीय विद्यापीठ,

नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी, दाङ

onlinesanskritbooks.com

# प्रकाशकीय

श्रीलक्ष्मीनारायण संस्कृत गुरुकुलम्, कन्चनवारी, विराटनगरले यस संस्थाका संस्थापक, वैदिक धर्मका प्रचारक, विश्वविख्यात आचार्य श्री श्री श्री त्रिदण्डी चिन्न जीयर स्वामीजीको ५८औं जन्म नक्षत्रको शुभावसरमा प्राच्यदर्शनका सबै अध्येताका लागि उपयोगी, न्याय–वैशेषिक दर्शनसँग सम्बन्धित सुप्रसिद्ध ग्रन्थ तर्कसंग्रहको प्रकाशन गर्ने निर्णय गरेको थियो । सो कार्यका लागि नेपाली अनुवाद सहित सम्पादन गर्ने कार्य यसै विद्यालयका प्रधानाध्यापक न्याय-सर्वदर्शनाचार्य विद्वान् श्री तुलसी पौडेललाई अनुरोध गऱ्यौं । विद्वान् आचार्यले यस ग्रन्थलाई धेरै परिश्रम गरी नेपालीमा अनुवाद र त्यसको सम्पादन गर्नु भएको छ । अनुवाद कार्य आफैंमा पनि धेरै जटिल कार्य हो । यो अनुवादकार्यले मातृभाषामा नै तर्कसंग्रहको भावलाई विद्यार्थीहरूले ग्रहण गर्ने अवसर प्राप्त भएको छ । वस्तुतः पूर्वीय दर्शनको क्षेत्र धेरै व्यापक छ । यसैमा निखिल ज्ञानराशि निहित छ । यसको प्रचार–प्रसार मातृभाषामा भए देखि समाजका सबै जातिवर्गले यसबाट धेरैभन्दा धेरै लाभ लिन सक्छन् । पूर्वीय दर्शनशास्त्रमा प्रवेशका लागि तर्कसंग्रह पहिलो खुड्किलो हो । यसैले हामीले यसलाई प्राथमिकतामा राखेर प्रकाशित गरेका छौं ।



onlinesanskritbooks.com

यसबाट हामीलाई वनारसबाट पुस्तक मगाई अध्ययन गराउनु पर्ने बाध्यता तत्कालका लागि हटेको छ । यस संस्थाले गुरुकुलहरूमा पठन–पाठन हुने ग्रन्थहरू सानुवाद क्रमशः प्रकाशित गर्दै जाने लक्ष्य लिएको छ। धेरै परिश्रम गरी अनुवाद एवं सम्पादन गर्नुभएकोमा यस गुरुकुलका प्रधानाध्यापक श्रीतुलसी पौडेलज्यूप्रति आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछौं । वहाँलाई फेरी पनि यसरी अनुवाद लेखन आदि कार्यमा प्रेरणा मिलिरहोस् भनी श्रीलक्ष्मीनारायण भगवान्सँग प्रार्थना गर्दछौं । एवं यस कार्यलाई पूर्ण गर्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद ।

प्रकाशक

श्रीलक्ष्मीनारायण संस्कृत गुरुकुलम्

विराटनगर- ५, पिपलचौक, मोरङ्ग

onlinesanskritbooks.com

श्रीमते रामानुजाय नमः

# सम्पादकीय

प्राच्य विद्याअनुसार नास्तिक दर्शन र आस्तिक दर्शन गरी दर्शन दुई प्रकारका छन्। वेदलाई मान्ने दर्शनहरूलाई आस्तिक र वेदलाई नमान्ने दर्शनलाई नास्तिक भनिन्छ। नास्तिक दर्शनहरूमा चार्वाक्, जैन र बौद्ध पर्दछन् भने आस्तिक दर्शनमा न्याय, वैशेषिक, सांख्य, योग, मीमांसा र वेदान्त पर्दछन्। यी सबैलाई मिलाउँदा दर्शनहरूको संख्या नौ हुन्छ। उल्लेखित दर्शनहरूका मध्यमा न्याय र वैशेषिक दर्शनलाई समानतन्त्र मानिएको छ। न्याय र वैशेषिक दर्शनसँग सम्बन्ध भएर नै यो तर्कसंग्रह ग्रन्थको रचना भएको हो। यसका रचनाकार अन्नंभट्ट हुनुहुन्छ। अन्नंभट्ट आफ्नो समयका धुरन्धर ख्यातिप्राप्त नैयायिक एवं वेदान्ती हुनुहुन्थ्यो। यस ग्रन्थमाथि धेरै टीकाहरू रचना भएका छन्। संस्कृतभाषा सहित धेरै भारतीय भाषामा र पाश्चात्य भाषाहरूमा पनि यसको अनुवाद भएको छ। भारतलगायत विश्वका विभिन्न विश्वविद्यालयमा पाठ्यक्रमको रूपमा रहेको यो ग्रन्थ अत्यधिक लोकप्रिय ग्रन्थ हो। तर्कसंग्रह हेर्दा सानो आकारको छ, तर यसका विषयहरू धेरै गम्भीर प्रकारका छन्। सरलभाषामा विषयहरूलाई प्रतिपादन गरिएको यस ग्रन्थमा सुरुमा वैशेषिकदर्शनको क्रमानुसार



onlinesanskritbooks.com

पदार्थहरूको विवेचना गरिएको छ। यो ग्रन्थ न्याय र वैशेषिक दर्शनका लागि प्रवेशिका भए तापनि *काणादं पाणिनीयञ्च सर्वशास्त्रोपकारकम्* अनुसार यसको अध्ययनबाट समग्र दर्शनशास्त्रमा प्रवेश गर्ने योग्यता प्राप्त हुन्छ। त्यसकारण न्याय र वैशेषिकका अतिरिक्त अन्य दर्शनको अध्ययन गर्ने अभिलाषीले पनि यसलाई उत्तिकै महत्व दिएर अध्ययन गरेको पाइन्छ। अतः तर्कसंग्रह समस्त पूर्वीयदर्शनको प्रवेशिका हो भन्दा अत्युक्ति नहोला।

श्रीलक्ष्मीनारायण संस्कृत गुरुकुलम्मा वेद, व्याकरण, कोशका साथसाथै तर्कसंग्रहलाई पनि पाठ्यक्रममा समावेश गरी पठन पाठन गराउँदै आइरहेका छौं। विद्यालयमा अध्यापन गराइने विषयहरूलाई क्रमशः विद्यालयले आफैं प्रकाशन गर्ने योजना बनाएको हुँदा तर्कसंग्रहको नेपाली अनुवाद गरी प्रकाशन गर्ने निर्णय गरी यसको अनुवाद र सम्पादनको भार मलाई दिइएको थियो। भगवत्कृपाले आज यो ग्रन्थ प्रकाशन भएको छ। जानी नजानी यसको अनुवाद र सम्पादन गर्ने कार्य मबाट भयो। म सम्पूर्ण आचार्य एवं गुरुजीका श्रीचरणमा वन्दना गर्दछु, वहाँहरूको कृपा द्वारा नै आज यो पुनित कार्यमा कलम चलाउने सौभाग्य प्राप्त भयो। वहाँहरूबाट प्रेरणा सधैं मिलिरहोस् भगवानसँग प्रार्थना गर्दछु। एवं अनुवादको यस पुनित कार्यमा प्रेरणा गर्ने सम्पूर्ण प्रेरक

onlinesanskritbooks.com

गुरुहरूलाई बन्दना गर्दै सहयोगी सम्पूर्णलाई पनि धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा यो सानो प्रयासबाट यदि कसैले थोरै पनि लाभ लियो भने पनि अरु कार्य गर्न सधै सत्प्रेरणा भइरहने छ। गुरुकुलमा अध्ययन गर्ने सानासाना विद्यार्थीहरूलाई न्यायवैशेषिक दर्शनमा प्रवेश गर्नका लागि यसबाट धेरै लाभ मिलोस् भगवान्सँग यही प्रार्थना । जयतु संस्कृतम् ।

अनुवादक एवं सम्पादक

तुलसी पौडेल



onlinesanskritbooks.com

onlinesanskritbooks.com

# विषयानुक्रमणिका


| विषयाः- | पृष्ठम् | विषयाः- | पृष्ठम् |
|---|---|---|---|
| उद्देशप्रकरणम् | १-३ | विभागनिरूपणम् | १४ |
| सप्तपदार्थाः | १. | परत्वापरत्वे | १४ |
| नवद्रव्याणि | २ | गुरुत्वनिरूपणम् | १५ |
| चतुर्विंशतिर्गुणाः | २ | द्रवत्वनिरूपणम् | १५ |
| कर्माणि | २ | स्नेहनिरूपणम् | १५ |
| सामान्यविभागः | २ | शब्दनिरूपणम् | १६ |
| विशेषाः | २ | बुद्धिनिरूपणम् | १६ |
| समवायः | ३ | स्मृतिनिरूपणम् | १६ |
| अभावाः | ३ | अनुभवनिरूपणम् | १७ |
| द्रव्यलक्षणप्रकरणम् | ४-९ | यथार्थानुभवनिरूपणम् | १८ |
| पृथिवीनिरूपणम् | ४ | अयथार्थानुभवनिरूपणम् | १७ |
| जलनिरूपणम् | ४ | यथार्थानुभवस्य भेदाः | १७ |
| तेजनिरूपणम् | ५ | यथार्थानुभवस्य करणभेदाः | १८ |
| वायुनिरूपणम् | ६ | करणलक्षणम् | १८ |
| आकाशनिरूपणम् | ७ | कारणलक्षणम् | १८ |
| कालनिरूपणम् | ७ | कार्यलक्षणम् | १८ |
| दिक्निरूपणम् | ८ | कारणस्य भेदाः | १९ |
| आत्मानिरूपणम् | ८ | समवायिकारणनिरूपणम् | १९ |
| मनो निरूपणम् | ८ | असमवायिकारणनिरूपणम् | १९ |
| गुणलक्षणप्रकरणम् | १०-१६ | निमित्तकारणलक्षणम् | २० |
| रूपनिरूपणम् | १० | करणस्य निष्कृष्टलक्षणम् | २० |
| रसनिरूपणम् | १० | प्रत्यक्षप्रमाणलक्षणनिरूपणम् | २० |
| गन्धनिरूपणम् | ११ | प्रत्यक्षज्ञानलक्षणम् | २० |
| स्पर्शनिरूपणम् | ११ | निर्विकल्पकप्रत्यक्षलक्षणम् | २१ |
| संख्यानिरूपणम् | १२ | सविकल्पकप्रत्यक्षलक्षणम् | २१ |
| परिमाणनिरूपणम् | १३ | लौकिकसन्निकर्षनिरूपणम् | २१ |
| पृथक्त्वनिरूपणम् | १३ | संयोगसन्निकर्षनिरूपणम् | २२ |
| संयोगनिरूपणम् | १३ | समवायसन्निकर्षनिरूपणम् | २२ |


onlinesanskritbooks.com

| विषयाः | पृष्ठम् |
|---|---|
| सयुंक्तसमवेतसमवायसन्निकर्षलक्षणम् | २२ |
| समवायसन्निकर्षनिरूपणम् | २३ |
| समवेतसमवायसन्निकर्षनिरूपणम् | २३ |
| विशेषणविशेष्यभावसन्निकर्षनिरूपणम् | २३ |
| प्रत्यक्षप्रमाणस्य निष्कृष्टं लक्षणम् | २४ |
| अनुमान-निरूपणम् | २५ |
| अनुमितिक्षणम् | २५ |
| परामर्शलक्षणम् | २५ |
| व्याप्तिनिरूपणम् | २५ |
| पक्षधर्मतालक्षणम् | २६ |
| अनुमानस्य भेदाः | २६ |
| स्वार्थानुमाननिरूपणम् | २६ |
| परार्थानुमाननिरूपणम् | २७ |
| पञ्चावयववाक्यनिरूपणम् | २८ |
| अनुमानप्रमाणस्य निष्कृष्टलक्षणम् | २९ |
| लिङ्गस्य भेदाः | २९ |
| केवलान्वयिनिरूपणम् | ३० |
| केवलव्यतिरेकिनिरूपणम् | ३० |
| पक्षस्य लक्षणम् | ३१ |
| सपक्षस्य लक्षणम् | ३१ |
| विपक्षस्य लक्षणम् | ३१ |
| हेत्वाभासप्रकरणम् | ३२ |
| सव्यभिचारस्य लक्षणं तस्य भेदाश्च | ३२ |
| साधारण-अनैकान्तिकस्य लक्षणम् | ३२ |
| असाधारणस्य लक्षणम् | ३३ |
| अनुपसंहारिलक्षणम् | ३३ |
| विरुद्धस्य लक्षणम् | ३४ |
| सत्प्रतिपक्षस्य लक्षणम् | ३४ |
| असिद्धस्य भेदाः | ३५ |
| बाधितस्य लक्षणम् | ३७ |
| उपमान-निरूपणम् | ३८ |
| शब्द-निरूपणम् | ३९ |
| वाक्यार्थज्ञाने हेतवः | ३९ |
| वाक्यस्य भेदाः | ४० |
| अयथार्थानुभवस्य भेदाः | ४१ |
| स्मृतिनिरूपणम् | ४२ |
| सुखस्य लक्षणम् | ४२ |
| दुःखस्य लक्षणम् | ४३ |
| इच्छाक्रोधकृतीनां लक्षणम् | ४३ |
| धर्माधर्मयोः लक्षणम् | ४३ |
| आत्मनो विशेषगुणाः। | ४३ |
| संस्कारस्य भेदाः | ४४ |
| कर्मणः लक्षणं तस्य भेदाश्च | ४४ |
| सामान्यस्य लक्षणम् | ४५ |
| विशेषस्य लक्षणम् | ४५ |
| समवायस्य लक्षणम् | ४६ |
| प्रागभावस्य लक्षणम् | ४६ |
| प्रध्वंसाभावस्य लक्षणम् | ४६ |
| अत्यन्ताभावस्य लक्षणम् | ४७ |
| अन्योन्याभावस्य लक्षणम् | ४७ |
| सप्तैव पदार्था इति उपसंहारः- | ४७ |


onlinesanskritbooks.com

श्रीगुरुचरणकमलेभ्यो नमः

## श्रीमदन्नंभट्टविरचितः
## तर्कसंग्रहः

(ग्रन्थकर्तृकमंगलाचरणम्)

**निधाय हृदि विश्वेशं विधाय गुरुवन्दनम् ।**
**बालानां सुखबोधाय क्रियते तर्कसंग्रहः ॥**

(नेपालीभाषानुवादकर्तृमंगलाचरणम्)

**वाग्देवता तथा विद्यादाता गुरु नमन् गरी ।**
**छात्रकल्याणका निम्ती रचिन्छ सुखबोधिनी ॥**

हृदि= हृदयमा, विश्वेशम् =श्री विश्वनाथ भगवान्लाई अथवा जगत्कर्तालाई, निधाय= सदैव धारण गरेर, गुरुवन्दनं विधाय= गुरुदेवका श्रीचरणहरूको वन्दना गरेर, बालानाम्[1]= (शास्त्रान्तरहरूमा प्रविष्ट, न्यायशास्त्रमा अप्रविष्ट) बालकहरूलाई, सुखबोधाय= (न्यायवैशेषिक शास्त्रको) सजिलै बोध गराउनका लागि, तर्कसंग्रहः= तर्कसंग्रह नाम गरिएको ग्रन्थ (म अन्नंभट्टद्वारा) क्रियते=रचना गरिन्छ ।

### उद्देशप्रकरणम्

**द्रव्यगुणकर्मसामान्यविशेषसमवायाऽभावाः सप्त पदार्थाः ।**

सप्तपदार्थाः = (न्याय वैशेषिक दर्शनमा) सात पदार्थहरूलाई स्वीकार गरिएको छ– (ती) द्रव्यगुणकर्मसामान्यविशेषसमवायाऽभावाः = सात पदार्थहरू १. द्रव्य, २.गुण, ३.कर्म, ४.सामान्य, ५.विशेष, ६.समवाय, र ७. अभाव हुन् ।

१.अधीतव्याकरणकाव्यकोशोऽनधीतन्यायशास्त्रो बालः इति पदकृत्यम् ।



onlinesanskritbooks.com

**तत्र द्रव्याणि पृथिव्यप्तेजोवाय्वाकाशकालदिगात्ममनांसि नवैव ।**

(न्याय वैशेषिक दर्शनभित्र) तत्र= सात पदार्थहरूका मध्येमा, द्रव्याणि= द्रव्यहरू, पृथिव्यप्तेजोवाय्वाकाशकालदिगात्ममनांसि= पृथिवी,जल, तेज, वायु आकाश, काल, दिशा, आत्मा एवं मन सहित, नवैव= नौ मात्र स्वीकार गरिएका छन् ।

**रूपरसगन्धस्पर्शसंख्यापरिमाणपृथक्त्वसंयोगविभागपरत्वापरत्वगुरुत्वद्रवत्वस्नेहशब्दबुद्धिसुखदुःखेच्छाद्वेषप्रयत्नधर्माधर्म-संस्काराः चतुर्विंशतिर्गुणाः ।**

चतुर्विंशतिर्गुणाः = गुण चौबीस प्रकारका हुन्छन्, ती यस प्रकार छन्–रूप, रस, गन्ध, स्पर्श, संख्या, परिमाण, पृथक्त्व, संयोग, विभाग, परत्व, अपरत्व, गुरुत्व, द्रवत्व, स्नेह, शब्द, बुद्धि, सुख, दुःख, इच्छा, द्वेष, प्रयत्न, धर्म, अधर्म र संस्कार ।

**उत्क्षेपणाऽपक्षेपणाऽऽकुञ्चनप्रसारणगमनानि पञ्च कर्माणि ।**

उत्क्षेपणाऽपक्षेपणाऽऽकुञ्चनप्रसारणगमनानि= उत्क्षेपण, अपक्षेपण, आकुञ्चन, प्रसारण र गमन सहित, पञ्च कर्माणि= कर्महरू पाँच प्रकारका हुन्छन् ।

**परमपरं चेति द्विविधं सामान्यम् ।**

परमपरं चेति= पर र अपर गरी, द्विविधम्= दुई प्रकारको, सामान्यम्= सामान्य हुन्छ ।

**नित्यद्रव्यवृत्तयो[1] विशेषास्त्वनन्ता एव ।**

---

१.पृथिव्यादिचतुष्टयपरमाणवः आकाशादिपञ्चकञ्च नित्यद्रव्याणि तद्वृत्तयः इति पदकृत्यम् ।

onlinesanskritbooks.com

नित्यद्रव्यवृत्तयः= नित्यद्रव्यमा रहने, विशेषाः= विशेषहरू, अनन्ताः= अनन्त छन् ।

**समवायस्त्वेक एव ।**

समवायस्तु= समवाय (नित्यसम्बन्ध)पदार्थ, एक एव= एउटा मात्र छ ।

**अभावश्चतुर्विधः प्रागभावः प्रध्वंसाभावोऽत्यन्ताभावोऽन्योऽन्याभावश्चेति ।**

अभावः= अभाव, चतुर्विधः= चार प्रकारका हुन्छन्, प्रागभावः= प्रागभाव, प्रध्वंसाभावः= प्रध्वंसाभाव, अत्यन्ताभावः= अत्यन्ताभाव र अन्योन्याभावः= अन्योन्याभाव ।

इति उद्देशप्रकरणम्



onlinesanskritbooks.com

## द्रव्यलक्षणप्रकरणम्

### पृथिवीनिरूपणम्

**तत्र गन्धवती पृथिवी । सा द्विविधा नित्याऽनित्या च । नित्या परमाणुरूपा । अनित्या कार्यरूपा । पुनस्त्रिविधा शरीरेन्द्रिय विषयभेदात् । शरीरमस्मदादीनाम् । इन्द्रियं गन्धग्राहकं घ्राणं नासाग्रवर्ति । विषयो मृत्पाषाणादिः ।**

तत्र गन्धवती पृथिवी= ती नौ द्रव्यहरूमा गन्ध भएको द्रव्य पृथिवी हो । सा द्विविधा= त्यो पृथिवी नामको द्रव्य दुई प्रकारको हुन्छ, नित्याऽनित्या च= नित्य र अनित्यका भेदले । नित्या= नित्य पृथिवी, परमाणुरूपा= परमाणुको रूपमा हुन्छ । अनित्या= अनित्य पृथिवी, कार्यरूपा= कार्यरूप (घट, पट इत्यादि कार्यरूप) हुन्छ । पुनस्त्रिविधा= पुनः त्यो कार्यरूप अनित्य पृथिवी तीन प्रकार को हुन्छ, शरीरेन्द्रियविषयभेदात्=शरीर इन्द्रिय र विषयका भेदले गर्दा, जस्तै शरीरमस्मदादीनाम्= हामीहरूको शरीरलाई पार्थिव शरीर भनिन्छ । इन्द्रियं गन्धग्राहकं घ्राणं नासाग्रवर्ति= गन्धलाई ग्रहण गर्ने घ्राणेन्द्रिय नै इन्द्रियरूप पृथिवी हो । विषयो मृत्पाषाणादिः= विषयरूप पृथिवी भन्नाले माटो ढुङ्गा आदि पर्दाथलाई चिनिन्छ ।

### जलनिरूपणम्

**शीतस्पर्शवत्य आपः । ता द्विविधा नित्या अनित्याश्च । नित्याः परमाणुरूपाः । अनित्याः कार्यरूपाः । पुनस्त्रिविधाः शरीरेन्द्रियविषयभेदात् । शरीरं वरुणलोके । इन्द्रियं रसग्राहकं रसनं जिह्वाग्रवर्ति । विषयः सरित्समुद्रादिः ।**

शीतस्पर्शवत्यः = चीसो स्पर्शवाला पदार्थलाई, आपः= जल भनिन्छ । ता द्विविधाः= जल पनि दुई प्रकारको हुन्छ, नित्या



onlinesanskritbooks.com

अनित्याश्च= नित्य र अनित्यका भेदले । नित्याः परमाणुरूपाः = नित्य जल परमाणुका रूपमा हुन्छ। अनित्याः कार्यरूपाः = कार्यरूप स्थूल जललाई अनित्य जल भनिन्छ । पुनस्त्रिविधाः = कार्यरूप स्थूल जल फेरी तीन प्रकारको हुन्छ, शरीरेन्द्रियविषयभेदात् = शरीर, इन्द्रिय र विषयका भेदले। शरीरं वरुणलोके= जलीय शरीर वरुण लोकमा पाइन्छ । इन्द्रियं रसग्राहकं रसनं जिह्वाग्रवर्ती= इन्द्रियरूप स्थूल शरीर रसलाई ग्रहण गर्ने रसनेन्द्रिय हो, यो रसनेन्द्रिय जिब्रोको अगाडितिर हुन्छ । विषयः सरित्समुद्रादिः= नदी, समुद्र तलाउ आदि जलीय विषयहरू हुन् ।

**तेजोनिरूपणम्**

**उष्णस्पर्शवत्तेजः । तच्च द्विविधं नित्यमनित्यञ्च । नित्यं परमाणुरूपम् । अनित्यं कार्यरूपम् । पुनस्त्रिविधं, शरीरेन्द्रिय-विषयभेदात् । शरीरमादित्यलोके प्रसिद्धम् । इन्द्रियं रूपग्राहकं चक्षुः । कृष्णताराग्रवर्ति । विषयश्चतुर्विधः, भौमदिव्यौदर्याकरज-भेदात् । भौमं वह्न्यादिकम् । अबिन्धनं दिव्यं विद्युदादि । भुक्तस्य परिणामहेतुरौदर्यम् । आकरजं सुवर्णादि ।**

उष्णस्पर्शवत्= तातो स्पर्श भएको द्रव्यलाई, तेजः= तेज भनिन्छ। तच्च द्विविधम्= त्यो तेज दुई प्रकारको हुन्छ। नित्यम्, अनित्यम् च = नित्य र अनित्यका भेदले । नित्यं परमाणुरूपम्= नित्य तेज परमाणुरूप हुन्छ । अनित्यं कार्यरूपम्=(अग्नि आदि) अनित्य तेज कार्यरूप हुन्छ। पुनस्त्रिविधम्– कार्यरूप अनित्य तेज फेरी तीन प्रकारको हुन्छ। शरीरेन्द्रियविषयभेदात्= शरीर इन्द्रिय र विषयका भेदले । शरीरमादित्यलोके प्रसिद्धम्= शरीररूप अनित्य



onlinesanskritbooks.com

तेज सूर्यलोकमा प्रसिद्ध हुन्छ। इन्द्रियं रूपग्राहकं चक्षुः = रूपलाई ग्रहण गर्ने तैजस इन्द्रियलाई चक्षु भनिन्छ । कृष्णताराग्रवर्ति= तैजसेन्द्रिय आँखाको अग्रभागमा रहेको हुन्छ । विषयश्चतुर्विधः= विषयरूप तैजस वस्तु चार प्रकारको हुन्छ । जस्तै– ती चार प्रकारका तेजहरू, भौमदिव्यौदर्याकरजभेदात्= पृथिवी सम्बन्धी तेज, आकाश सम्बन्धी तेज, पेट सम्बन्धी तेज र खानी सम्बन्ध तेजका भेदले गर्दा। भौमं वह्न्यादिकम्= भूमि सम्वन्धित तेज भनेर आगो आदिको ग्रहण गरिन्छ । अबिन्धनं दिव्यं विद्युदादि= आकाशसँग संबन्धित तेज भन्नाले जलवाट उत्पन्न हुने बिजुली आदिको ग्रहण गरिन्छ । भुक्तस्य परिणामहेतुरौदर्यम्= खाइएको पदार्थलाई पचाउनेवाला, पेटमा हुने जठराग्निलाई औदर्य तेज भनिन्छ । आकरजं सुवर्णादि= खानीवाट उत्पन्न हुने सुवर्ण, रजत आदिलाई आकरज तेज भनिन्छ ।

**वायुनिरूपणम्**

**रूपरहितः स्पर्शवान् वायुः । स द्विविधो नित्योऽनित्यश्च । नित्यः परमाणुरूपः । अनित्यः कार्यरूपः । पुनस्त्रिविधः, शरीरेन्द्रिय विषयभेदात् । शरीरं वायुलोके । इन्द्रियं स्पर्शग्राहकं त्वक् सर्वशरीरवर्ति । विषयो वृक्षादिकम्पनहेतुः । शरीरान्तःसञ्चारी वायुः प्राणश्च । स चैकोप्युपाधिभेदात्प्राणाऽपानादिसंज्ञां लभते ।**

रूपरहितः स्पर्शवान्= रूप नभएको तर स्पर्श भएको पदार्थलाई, वायुः= वायु भनिन्छ । स द्विविधः= त्यो वायु पनि दुई प्रकारको हुन्छ । नित्योऽनित्यश्च= नित्य र अनित्यका भेदले । नित्यः परमाणुरूपः= नित्य वायु परमाणुरूप हुन्छ, । अनित्यः



onlinesanskritbooks.com

कार्यरूपः= कार्यरूप वायु अनित्य हुन्छ । पुनस्त्रिविधः= कार्यरूप अनित्य वायु पनि तीन प्रकारको छ । शरीरेन्द्रियविषयभेदात्= शरीर, इन्द्रिय र विषयका भेदले । शरीरं वायुलोके= कार्यरूप अनित्य वायु वायुलोकमा प्रसिद्ध छ । इन्द्रियं स्पर्शग्राहकं त्वक्= स्पर्शलाई ग्रहण गर्ने इन्द्रियरूप वायुलाई त्वगिन्द्रिय भनिन्छ । सर्वशरीरवर्ति= त्वगिन्द्रियरूप वायु सम्पूर्ण शरीरमा व्याप्त भएको हुन्छ । विषयो वृक्षादिकम्पनहेतुः= रूखहरूलाई हल्लाउनका लागि हेतु भएको वायुलाई विषयरूप वायु भनिन्छ । शरीरान्तःसञ्चारी वायुः= शरीर भित्र सञ्चरण गर्ने वायुलाई, प्राणः= प्राणवायु भन्दछन् । स च = त्यो प्राणवायु, एकोऽपि= एक भए तापनि, उपाधिभेदात्= उपाधिका भेदले गर्दा, प्राणाऽपानादिसंज्ञां लभते= प्राण, अपान, उदान, समान, एवं व्यानका नामलाई प्राप्त गर्दछ ।

**आकाशनिरूपणम्**

**शब्दगुणकम् आकाशम् । तच्चैकं विभु नित्यं च ।**

शब्दगुणकम्= अर्थात् शब्दो गुणो यस्य तत् अर्थात् जहाँ समवायसम्बन्धले शब्द गुण रहन्छ त्यसलाई, आकाशम्= आकाश भनिन्छ । तच्च एकम्= आकाश एक छ, विभु= विभु छ, नित्यञ्च= नित्य पनि छ ।

**कालनिरूपणम्**

**अतीतादिव्यवहारहेतुः कालः । स चैको विभुर्नित्यश्च ।**

अतीतादि= अतीत वर्तमान र भविष्यत्का लागि, व्यवहारहेतुः कालः = व्यवहारको हेतुलाई काल भनिन्छ । स च =



onlinesanskritbooks.com

त्यो काल, एको विभुर्नित्यश्च= एक छ विभु (सर्व व्यापक) छ र नित्य छ ।

## दिक्-निरूपणम्

**प्राच्यादिव्यवहारहेतुर्दिक् । सा चैका विभ्वी नित्या च ।**

प्राच्यादि= पूर्व, पश्चिम, उत्तर, र दक्षिणको, व्यवहारहेतुः= व्यवहारको लागि कारण भएको द्रव्यलाई, दिक्= दिशा भनिन्छ । सा च = त्यो दिशा, एका विभ्वी नित्या च= एक छ, सर्व व्यापक र नित्य छ ।

## आत्मनिरूपणम्

**ज्ञानाधिकरणमात्मा । स द्विविधः – जीवात्मा परमात्मा चेति । तत्रेश्वरः सर्वज्ञः परमात्मैक एव । जीवात्मा प्रतिशरीरं भिन्नो विभुर्नित्यश्च ।**

ज्ञानाधिकरणम् = समवाय सम्वन्धले ज्ञान को आश्रयलाई आत्मा = आत्मा भनिन्छ । स द्विविधः = त्यो आत्मा दुई प्रकारको हुन्छ । परमात्मा जीवात्मा च इति = परमात्मा र जीवात्माका भेदले । तत्र = जीवात्मा र परमात्माका मध्यमा, ईश्वरः सर्वज्ञः परमात्मा एक एव = परमात्मा ईश्वर सर्वज्ञ हुनुहुन्छ र एकमात्र हुनुहुन्छ । जीवात्मा= जीवात्मा, प्रतिशरीरं भिन्नः= प्रत्येक शरीरमा भिन्न भिन्न हुन्छ । विभुर्नित्यश्च = सर्व व्यापक र नित्य छ ।

## मनोनिरूपणम्

**सुखाद्युपलब्धिसाधनमिन्द्रयं मनः । तच्च प्रत्यात्मनियतत्वादनन्तं परमाणुरूपं नित्यञ्च ।**



onlinesanskritbooks.com

सुखादेः = सबै प्रकारका सुख र दुःखको, उपलब्धेः= साक्षात्कार (ज्ञान)को, साधनम्= कारण, इन्द्रियम्= इन्द्रियलाई मनः= मन भनिन्छ । तत् च = त्यो मन, प्रत्यात्मनि= प्रत्येक आत्मामा, नियतत्वाद्= बसेकाले, अनन्तम्= अनन्त छ, परमाणुरुपम्= परमाणुरूप छ, नित्यञ्च= नित्य पनि छ ।

इति द्रव्यलक्षणप्रकरणम्

onlinesanskritbooks.com

## गुणलक्षणप्रकरणम्

### रूपनिरूपणम्

**चक्षुर्मात्रग्राह्यो गुणो रूपम्[1] । तच्च शुक्लनीलपीतरक्तहरित-कपिशचित्रभेदात् सप्तविधम् । पृथिवीजलतेजोवृत्ति । तत्र पृथिव्यां सप्तविधम् । अभास्वरशुक्लं जले । भास्वरशुक्लं तेजसि ।**

चक्षुर्मात्रग्राह्यः = चक्षु इन्द्रियले मात्र ग्रहण गर्न योग्य, गुणः = गुणलाई, रूपम्= रूप भनिन्छ । तच्च = त्यो रूप सात प्रकारको हुन्छ, शुक्लनीलपीतरक्तहरितकपिशचित्रभेदात् = सेतो, कालो, पहेलो, रातो, हरियो, खैरो, र चित्र (धेरै रूप मिलेर रंगी चंगी भएको)का भेदले, सप्तविधम्= सात प्रकारको हुन्छ । पृथिवीजलतेजोवृत्ति = पृथिवी,जल र तेजमा रूप हुन्छ । तत्र पृथिव्यां सप्तविधम् = ती नौ प्रकारका द्रव्यहरूका मध्ये पृथिवीमा सबै प्रकारका रूप रहन्छन् । अभास्वरशुक्लं जले = न चम्किने सेतो रूप जलमा हुन्छ । भास्वरशुक्लं तेजसि = चम्किने सेतो रूप तेजमा पाइन्छ ।

### रसनिरूपणम्

**रसनाग्राह्यो गुणो रसः । स च मधुराम्ललवणकटुकषायतिक्तभेदात् षड्विधः । पृथिवीजलवृत्ति तत्र पृथिव्यां षड्विधः । जले मधुर एव ।**

रसनाग्राह्यः = रसनेन्द्रियले ग्रहण गर्ने योग्य, गुणो रसः = गुणलाई रस भनिन्छ । स च मधुराम्ललवणकटुकषायतिक्तभेदात् षड्विधः = त्यो रस गुण मधुर, अमिलो, नुनिलो, पिरो, टर्रो, र तीतोका भेदले, षड्विधः = छ प्रकारको हुन्छ । पृथिवीजलवृत्ति=

---

१. चक्षुर्मात्रग्राह्यत्वविशिष्टगुणत्वं रूपस्य लक्षणमिति, न्यायबोधिनी । रूपत्वादिवारणय गुणपदम् इति तर्कसंग्रहः । रसनेन्द्रियजन्यप्रत्यक्षगुणत्वंरसस्य क्षणमित्यादिः सर्वत्र रसादिषु योजनियम् ।



onlinesanskritbooks.com

पृथिवी र जलमा मात्र रहन्छ। तत्र पृथिव्यां षड्विधः = ती दुईमध्ये पृथिवीमा छ प्रकारका रसहरू हुन्छन् । जले मधुर एव = जलमा मधुर रसामात्र हुन्छ ।

**गन्धनिरूपणम्**

**घ्राणग्राह्यो गुणो गन्धः । स च द्विविधः, सुरभिरसुरभिश्च । पृथिवीमात्रवृत्तिः ।**

घ्राणग्राह्यो गुणो गन्धः = घ्राणेन्द्रियले ग्रहण गर्ने योग्य गुणलाई गन्ध भनिन्छ। स च द्विविधः = त्यो गन्ध दुई प्रकारको हुन्छ । सुरभिरसुरभिश्च = सुगन्ध र असुगन्धका भेदले । पृथिवीमात्रवृत्तिः = गन्ध गुण पृथिवीमा मात्र पाइन्छ। (जलादिमा त गन्धको प्रतीति पृथिवीको संसर्गले नै हुने गर्दछ ।)

**स्पर्शनिरूपणम्**

**त्वगिन्द्रियमात्रग्राह्यो गुणः स्पर्शः । स च त्रिविधः, शीतोष्णाऽनुष्णाऽशीतभेदात् । पृथिव्यप्तेजोवायुवृत्तिः । तत्र शीतो जले । उष्णस्तेजसि अनुष्णाशीतः पृथिवीवाय्वोः ।**

त्वगिद्रियमात्रग्राह्यो गुणः स्पर्शः = त्वगिन्द्रियले मात्र ग्रहण गर्ने योग्य गुणलाई स्पर्श भनिन्छ। स च त्रिविधः = त्यो स्पर्श गुण तीन प्रकारको हुन्छ, शीतोष्णाऽनुष्णाऽशीतभेदात् = चिसो, तातो, र नचिसो नतातो । पृथिव्यप्तेजोवायुवृत्तिः = पृथिवी, जल, तेज, र वायुमा स्पर्श गुण रहन्छ। तत्र शीतो जले = पृथिवी, जल, एवं तेजहरूका मध्यमा, जलमा शीतस्पर्श हुन्छ । उष्णस्तेजसि = उष्णस्पर्श तेजमा हुन्छ। अनुष्णाशीतः पृथिवीवाय्वोः = न तातो न चिसो स्पर्श पृथिवी र वायुमा हुन्छ ।

**पाकजप्रक्रिया**



onlinesanskritbooks.com

**रूपादिचतुष्टयं पृथिव्यां पाकजमनित्यं च। अन्यत्रापाकजं नित्यमनित्यञ्च। नित्यगतं नित्यम्। अनित्यगतमनित्यम्।**

रूपादिचतुष्टयम् = रूप, रस, गन्ध र स्पर्श यी चार गुणहरू, पृथिव्याम्= पृथिवीमा, पाकजमनित्यं च = पाकबाट उत्पन्न हुन्छन्, एवं अनित्य छन्। **पाका[1]नाम विलक्षणतेजसंयोगः** । अन्यत्राऽपाकजम्= पृथिवीदेखि अतिरिक्त जलादिमा पाकबिना नै स्पर्शहरू उत्पन्न हुन्छन्। नित्यमनित्यञ्च= नित्य र अनित्य गरी दुई प्रकारका छन्। नित्यगतं नित्यम् = नित्यद्रव्यमा (पृथिवी आदिको परमाणुमा रहेनेवाला) नित्य हुन्छन्। अनित्यगतमनित्यम् = अनित्य द्रव्यमा ( पृथिवी आदिको कार्यरूप स्थूल द्रव्यमा र हनेवाला ) अनित्य हुन्छन्।

**संख्यानिरूपणम्**

**एकत्वादिव्यवहारहेतुः संख्या। सा नवद्रव्यवृत्तिः। एकत्वादिपरार्धपर्यन्ता। एकत्वं नित्यमनित्यञ्च। नित्यगतं नित्यम्। अनित्यगतम् अनित्यम्। द्वित्वाद्विकं तु सर्वत्राऽनित्यम् एव।**

एकत्वादिव्यवहारहेतुः संख्या = एक, दुई, तीन, इत्यादि व्यवहारको कारणलाई संख्या भनिन्छ। सा नवद्रव्यवृत्तिः = संख्या गुण सबै नौ द्रव्यहरूमा रहन्छ। एकत्वादिपरार्धपर्यन्ता = एकदेखि परार्धसम्मका संख्याहरू हुन्छन्। एकत्वं नित्यमनित्यञ्च = एकत्व संख्या नित्य र अनित्य गरी दुई प्रकारको हुन्छ। । नित्यगतं नित्यम् = नित्यमा रहनेवाला संख्या नित्य हुन्छ। अनित्यगतम् अनित्यम् = अनित्यमा रहनेवाला संख्या अनित्य हुन्छ । द्वित्वादिकं तु

१.पाको नाम विजातीयतेजसंयोगः। स च नानाजातीयरूपजनको विजातीयतेजसंयोगः। पाकमहिम्ना दध्यारम्भकैरेव परमाणुभिर्नवनीतादिकमुपजायते।



onlinesanskritbooks.com

सर्वत्राऽनित्यमेव = द्वित्वदेखि माथिका सबै संख्याहरू अनित्य हुन्छन् ।

**परिमाणनिरूपणम्**

**मानव्यवहारासाधारणं कारणं परिमाणम् । नवद्रव्यवृत्ति । तच्चतुर्विधम् – अणु, महत्, दीर्घं, ह्रस्वं चेति ।**

मानव्यवहारासाधारणं कारणं परिमाणम् = यो सानो, यो ठूलो इत्यादि मापनात्मक व्यवहारको असाधारण कारणलाई परिमाण भन्दछन् । नवद्रव्यवृत्ति = सबै नौ द्रव्यमा परिमाण र हन्छ । तच्चतुर्विधम्–अणु, महत्, दीर्घं, ह्रस्वं चेति= परिमाणका अणु, महत्, दीर्घ र ह्रस्व गरी चार भेद हुन्छन् ।

**पृथक्त्वनिरूपणम्**

**पृथग्व्यवहारासाधारणं कारणं पृथक्त्वम् । सर्वद्रव्यवृत्ति ।**

पृथग्व्यवहारासाधारणं कारणं पृथक्त्वम् = यो त्यसदेखि पृथक् छ इत्यादि पृथक् व्यवहारको असाधारण कारणलाई पृथक्त्व भनिन्छ । सर्वद्रव्यवृत्ति = सबै द्रव्यहरूमा पृथक्त्व गुण रहन्छ ।

**संयोगनिरूपणम्**

**संयुक्तव्यवहारहेतुः संयोगः । सर्वद्रव्यवृत्तिः ।**

संयुक्तव्यवहारहेतुः संयोगः = संयुक्त व्यवहारको असाधारण कारणलाई संयोग भनिन्छ । सर्वद्रव्यवृत्तिः = संयोग गुण सबै द्रव्यमा रहन्छ ।



onlinesanskritbooks.com

## विभागनिरूपणम्

**संयोगनाशको गुणो विभागः । सर्वद्रव्यवृत्तिः ।**

संयोगनाशको गुणो विभागः = संयोगनाशक गुणलाई विभाग भनिन्छ। सर्वद्रव्यवृत्तिः = संयोग गुण पनि सम्पूर्ण द्रव्यहरूमा रहेको हुन्छ ।

## परात्वापरत्वनिरूपणम्

**परापरव्यवहारासाधारणकारणे परत्वाऽपरत्वे । पृथिव्यादिचतुष्टयमनोवृत्तिनी । ते द्विविधे–दिक्कृते कालकृते च । दूरस्थे दिक्कृतं परत्वम् । समीपस्थे दिक्कृतमपरत्वम् । ज्येष्ठे कालकृतं परत्वम् । कनिष्ठे कालकृतमपरत्वम् ।**

परापरव्यवहारासाधारणकारणे परत्वाऽपरत्वे = पर व्यवहार र अपर व्यवहारको असाधारण कारणलाई परत्व र अपरत्व भनिन्छ । पृथिव्यादिचतुष्टयमनोवृत्तिनी = परत्व र अपरत्व यी दुई गुण पृथिवी, जल, तेज, वायु र मनमा रहन्छन्। ते द्विविधे = परत्व र अपरत्व दुवै गुण दुई दुई प्रकारका हुन्छन् । दिक्कृते कालकृते च= दिक्कृत र कालकृत । दूरस्थे दिक्कृतं परत्वम् = टाढा रहेको व्यक्ति वा पदार्थमा दिक्कृत परत्व रहन्छ। समीपस्थे दिक्कृतमपरत्वम् = नजिकमा रहेको पदार्थमा दिक्कृत अपरत्व रहन्छ । ज्येष्ठे कालकृतं परत्वम् = ज्येष्ठ व्यक्तिमा कालकृत परत्व हुन्छ, त्यसैगरी कनिष्ठे कालकृतमपरत्वम् = कनिष्ठमा कालकृत अपरत्व हुन्छ ।



onlinesanskritbooks.com

**गुरुत्वस्य लक्षणम्**

**आद्यपतनाऽसमवायिकारणं गुरुत्वम् । पृथिवीजलतेजोवृत्ति ।**

आद्यपतनाऽसमवायिकारणं गुरुत्वम् = प्रथम पतनमा असमवायिकारण भएको गुणलाई गुरुत्व भनिन्छ । पृथिवीजलतेजोवृत्ति = पृथिवी, जल, र तेजमा गुरुत्व गुण रहन्छ ।

**द्रवत्वनिरूपणम्**

**आद्यस्यन्दनाऽसमवायिकारणं द्रवत्वम् । पृथिव्यप्तेजोवृत्ति । तद् द्विविधं सांसिद्धिकं नैमित्तिकञ्चेति । सांसिद्धिकं जले । नैमित्तिकं पृथिवीतेजसोः । पृथिव्यां घृतादावग्निसंयोगजं द्रवत्वम्, तेजसि सुवर्णादौ ।**

आद्यस्यन्दनाऽसमवायिकारणं द्रवत्वम् = सबैभन्दा सुरुमा बग्नका लागि असमवायिकारण भएको गुणलाई द्रवत्व भनिन्छ । पृथिवीजलतेजोवृत्ति = पृथिवी, जल र तेजमा द्रवत्व गुण रहन्छ । तद् द्विविधं, सांसिद्धिकं नैमित्तिकञ्चेति = द्रवत्व गुण सांसिद्धिक र नैमित्तिक गरी दुई प्रकारको हुन्छ । सांसिद्धिकं जले = सांसिद्धिक द्रवत्व जलमा रहन्छ। नैमित्तिकं पृथिवीतेजसोः = नैमित्तिक द्रवत्व पृथिवी र तेजमा रहन्छ । पृथिव्यां घृतादावग्निसंयोगजं द्रवत्वम् = पार्थिव घृत आदि पदार्थमा तैजसपदार्थको संयोगले द्रवत्व हुन्छ। तेजसि सुर्वणादौ = त्यसैगरी सुवर्णादिमा पनि अग्निको संयोगले द्रवत्वको उत्पत्ति हुन्छ ।

**स्नेहनिरूपणम्**

**चूर्णादिपिण्डीभावहेतुर्गुणः स्नेहः । जलमात्रवृत्तिः ।**



onlinesanskritbooks.com

चूर्णादिपिण्डीभावहेतुर्गुणः स्नेहः=चूर्ण पीठो आदिलाई पिण्ड बनाउनका लागि हेतु हुने गुणलाई स्नेह भनिन्छ। जलमात्रवृत्तिः= जलमा मात्र स्नेह गुण रहन्छ ।

**शब्दनिरूपणम्**

**श्रोत्रग्राह्यो गुणः शब्दः । आकाशमात्रवृत्तिः । स द्विविधः ध्वन्यात्मको वर्णात्मकश्चेति। तत्र ध्वन्यात्मको भेर्यादौ। वर्णात्मकः संस्कृतभाषादिरूपः ।**

श्रोत्रग्राह्यो गुणः शब्दः = श्रोत्रेन्द्रियले ग्रहण गर्ने योग्य गुणलाई शब्द भनिन्छ। आकाशमात्रवृत्तिः = शब्दगुण आकाशमा मात्र रहन्छ । स द्विविधः ध्वन्यात्मको वर्णात्मकश्चेति = शब्द गुण ध्वन्यात्मक र वर्णात्मक गरी दुई प्रकारको हुन्छ। तत्र ध्वन्यात्मको भेर्यादौ = ध्वन्यात्मक शब्दगुण भेरी आदि वाद्य यन्त्रवाट उत्पन्न हुन्छ। वर्णात्मकः संस्कृतभाषादिरूपः = वर्णात्मक शब्द गुण, कण्ठ आदि स्थानमा उत्पन्न भएको संस्कृत आदि भाषा(बोली) हो ।

**बुद्धिनिरूपणम्**

**सर्वव्यवहारहेतुर्गुणो बुद्धिर्ज्ञानम् । सा द्विविधा– स्मृतिः, अनुभवश्च ।**

सर्वव्यवहारहेतुर्गुणो बुद्धिर्ज्ञानम् = सबै व्यवहारको हेतु हुने गुणलाई वुद्धि भनिन्छ। सा द्विविधा – स्मृतिरनुभवश्च = स्मृति र अनुभव गरी वुद्धिका पनि दुई प्रकारका भेद छन् ।

**स्मृतिनिरूपणम्**

**संस्कारमात्रजन्यं ज्ञानं स्मृतिः ।**



onlinesanskritbooks.com

संस्कारमात्रजन्यं ज्ञानं स्मृतिः = संस्कारमात्रबाट उत्पन्न हुने ज्ञानलाई स्मृति भनिन्छ ।

**अनुभवभेदनिरुपणम्**

**तद्भिन्नं ज्ञानमनुभवः । स द्विविधः – यथार्थोऽयथार्थश्च ।**

तद्भिन्नं ज्ञानमनुभवः = संस्कारदेखि भिन्न ज्ञानलाई अनुभव भनिन्छ । स द्विविधः – यथार्थोऽयथार्थश्च = अनुभव पनि यथार्थ र अयथार्थका भेदले दुई प्रकारको हुन्छ ।

**यथार्थानुभवनिरूपणम्**

**तद्वति तत्प्रकारकोऽनुभवो यथार्थः[१] । यथा अयं घट इति । सैव प्रमेत्युच्यते ।**

तद्वति तत्प्रकारकोऽनुभवो यथार्थः = जुन वस्तु जस्तो छ, त्यसलाई उसैगरी वुभ्रनु नै यथार्थानुभव हो । यथा अयं घटः = जस्तै यो एउटा घडा हो यस्तो ज्ञान । सैव प्रमेत्युच्यते = त्यस(यथार्थज्ञान)लाई प्रमा भनिन्छ ।

**अयथार्थानुभवनिरूपणम्**

**तदभाववति तत्प्रकारकोऽनुभवोऽयथार्थः[२] । यथा शुक्ताविदं रजतमिति ज्ञानम् । सैवाप्रमेत्युच्यते ।**

तदभाववति तत्प्रकारकोऽनुभवोऽअयथार्थः = जुन वस्तु वास्तविक रूपमा हैन, तर त्यस्तै प्रकारले देखिनु नै अयथार्थ अनुभव हो । यथा– शुक्ताविदं रजतमिति ज्ञानम् = जस्तै शुक्तिमा रजतको प्रतीति हुनु अयथार्थानुभव हो । सैवाप्रमेत्युच्यते = त्यस अयथार्थ ज्ञानलाई अप्रमा(भ्रुटो ज्ञान) भनिन्छ ।

---

१.तद्वद्विशेषकत्वे सति तत्प्रकारानुभवत्वं यथार्थानुभवस्य लक्षणम् । रजते इदं रजतम् ।

२.तद्भाववद्विशेष्यकतत्प्रकारोऽनुभवोऽयथार्थानुभवः । यथा शुक्तौ इदं रजतमित्यादिः । पद.



onlinesanskritbooks.com

**यथार्थानुभवस्य भेदाः**

**यथार्थानुभवश्चतुर्विधः– प्रत्यक्षानुमित्युपमितिशाब्दभेदात् ।**

यथार्थानुभवश्चतुर्विधः = यथार्थानुभव चार प्रकारको छ। प्रत्यक्षानुमित्युपमितिशाब्दभेदात् = प्रत्यक्ष, अनुमिति, उपमिति र शाब्द(ज्ञान)का भेदले ।

**यथार्थानुभवस्य करणभेदाः**

**तत्करणमपि चतुर्विधम्[1]– प्रत्यक्षानुमानोपमानशब्दभेदात् ।**

तत्करणमपि चतुर्विधम् = यथार्थानुभवको करण (असाधारण कारण) पनि चार प्रकारका हुन्छन् । प्रत्यक्षानुमानोपमानशब्दभेदात् = प्रत्यक्ष, अनुमान, उपमान, र शब्दका भेदले ।

**करणलक्षणम्**

**असाधारणं कारणं करणम् ।[2]**

असाधारणं कारणं करणम् = असाधारण कारणलाई करण भनिन्छ ।

**कारणलक्षणम्**

**कार्यनियतपूर्ववृत्ति कारणम् ।**

कार्यनियतपूर्ववृत्ति कारणम् = कार्यको उत्पत्ति हुनुभन्दा पहिले जो निश्चत रूपमा समुपस्थित हुन्छ, त्यसलाई कारण भनिन्छ।

**कार्यलक्षणम्**

**कार्यं प्रागभावप्रतियोगि ।**

कार्य प्रागभावप्रतियोगि = प्रागभावको प्रतियोगीलाई कार्य भनिन्छ ।

---

१.प्रत्यक्षादिचतुर्विधप्रमाणानां प्रमाकरणत्वं सामान्यलक्षणम् इति ।

२. व्यापारवदसाधारणं कारणं करणमिति । न्यायबोधिनी ।



onlinesanskritbooks.com

**कारणस्य भेदाः**

**कारणं त्रिविधं समवायि–असमवायिनिमित्तभेदात् ।**

कारणं त्रिविधम् = कारण तीन प्रकारका हुन्छन् । समवायि–असमवायिनिमित्तभेदात्= समवायिकारण, असमवायिकारण, एवं निमित्तकारणका भेदले ।

**समवायिकारणनिरूपणम्**

**यत्समवेतं कार्यमुत्पद्यते तत्समवायिकारणम् । यथा तन्तवः पटस्य, पटश्च स्वगतरूपादेः ।**

यत्समवेतं कार्यमुत्पद्यते = जुन द्रव्यमा समवाय सम्बन्ध भएर कार्यको उत्पत्ति हुन्छ, तत्समवायिकारणम् = त्यसलाई समवायि-कारण भनिन्छ। यथा तन्तवः पटस्य, पटश्च स्वगतरूपादेः = जस्तै कपडाका लागि धागो समवायिकारण हुन्छ, त्यसै गरी कपडामा भएको रूप(गुण)का लागि कपडा(द्रव्य) पनि समवायिकारण हुन्छ।

**असमवायिकारणनिरूपणम्**

**कार्येण कारणेन वा सहैकस्मिन्नर्थे समवेतं सत्कारणम् असमवायिकारणम् । यथा तन्तुसंयोगः पटस्य, तन्तुरूपं पट-रूपस्य ।**

कार्येण कारणेन वा सह = कार्य अथवा कारणका साथ एकस्मिन्नर्थे[1] = एउटै वस्तुमा, समवेतं सत् कारणम् = समवाय सम्वन्धले रहेको जो कारण हुन्छ, असमवायिकारणम्= त्यसलाई असमवायी कारण भनिन्छ । यथा तन्तुसंयोगः पटस्य, तन्तुरूपं पटरूपस्य = जस्तै– कपडाको लागि धागाको संयोग असमवायी कारण हुन्छ, त्यसैगरी कपडाको रूपका लागि पनि धागाको रूप असमवायी कारण हो ।

---

१.स्वकार्यसमवायिकारणेन पटेन सह एकस्मिंस्तन्तौ इति । समवेतत्वे सति कारणत्वात् इत्यादिः ।



onlinesanskritbooks.com

**निमित्तकारणलक्षणम्**

**तदुभयभिन्नं कारणम् निमित्तकारणम् । यथा तुरीवेमादिकं पटस्य ।**

तदुभयभिन्नं कारणम् = ती दुई समवायी र असमवायी कारणदेखि भिन्न कारणलाई निमित्तकारणम् = निमित्त कारण भनिन्छ । यथा तुरीवेमादिकं पटस्य = जस्तै कपडाका लागि कपडा बुन्ने तान, हतासो आदि निमित्तकारण हुन्छन् ।

**करणस्य निष्कृष्टलक्षणम्**

**तदेतत्त्रिविधकारणमध्ये यदसाधारणकारणं तदेव करणम् ।**

तदेतत्त्रिविधकारणमध्ये = ती तीन कारणहरूका मध्यमा, यदसाधारणकारणम् = जुन असाधारण कारण हुन्छ, तदेव करणम्= त्यो नै करण हो ।

**प्रत्यक्षप्रमाणलक्षणनिरूपणम्**

**तत्र प्रत्यक्षज्ञानकरणं प्रत्यक्षम् ।**

तत्र प्रत्यक्षज्ञानकरणं प्रत्यक्षम् = ती चार प्रकारका कारणहरूका मध्यमा, प्रत्यक्षज्ञानका लागि जो करण हुन्छ त्यसलाई प्रत्यक्ष प्रमाण भनिन्छ ।

**प्रत्यक्षज्ञानलक्षणम्**

**इन्द्रियार्थसन्निकर्सजन्यं ज्ञानं प्रत्यक्षम्[1] । ([2]ज्ञानाकरणकं ज्ञानं प्रत्यक्षम्) । तद् द्विविधम् –निर्विकल्पकं सविकल्पकञ्चेति ।**

---

१.इदं लक्षणं जन्यप्रत्यक्षस्यैव इति अभिप्रायः । तथा च न्यायबोधिन्यां द्रष्टव्यम् । १.ज्ञानं नाम व्याप्तिज्ञानादिकं तदेव करणं एषां तानि ज्ञानकरणकानि इति, तद्भिन्नं प्रत्यक्षम् इति ।



onlinesanskritbooks.com

इन्द्रियार्थसन्निकर्सजन्यं ज्ञानं प्रत्यक्षम् = इन्द्रिय र अर्थको संयोगबाट उत्पन्न हुने ज्ञानलाई प्रत्यक्षज्ञान भनिन्छ।
(ज्ञानाकरणकं ज्ञानं प्रत्यक्षम्) = ज्ञान करण नभएको ज्ञानलाई पनि प्रत्यक्षज्ञान (प्रमा) भनिन्छ। तद्द्विविधम्–निर्विकल्पकं सविकल्पकञ्चेति = प्रत्यक्षज्ञानका निर्विकल्पक र सविकल्पक गरी दुई प्रकारका भेद हुन्छन्।

**निर्विकल्पकप्रत्यक्षलक्षणम्**

**तत्र निष्प्रकारकं ज्ञानं निर्विकल्पकम्।**

तत्र निष्प्रकारकं ज्ञानं निर्विकल्पकम् = विशेष्य र विशेषण न भएको ज्ञानलाई निर्विकल्पक ज्ञान भनिन्छ।

**सविकल्पकप्रत्यक्षलक्षणम्**

**सप्रकारकं ज्ञानं सविकल्पकम्, यथा डित्थोऽय, ब्राह्मणोऽयं, श्यामोऽयमिति।**

सप्रकारकं ज्ञानं सविकल्पकम् = विशेषण र विशेष्यको भान हुने ज्ञानलाई सविकल्पक ज्ञान भनिन्छ। यथा– डित्थोऽयं, ब्राह्मणोऽयं, श्यामोऽयमिति = जस्तै– त्यो काठको हात्ती हो, यो बाह्मण हो इत्यादि।

**लौकिकसन्निकर्षनिरूपणम्**

**प्रत्यक्षज्ञानहेतुरिन्द्रियार्थसन्निकर्षः षड्विधः संयोगः। संयुक्तसमवायः, संयुक्तसमवेतसमवायः, समवेतसमवायः, विशेषणविशेष्यभावश्चेति।**

प्रत्यक्षज्ञानहेतुरिन्द्रियार्थसन्निकर्षः = प्रत्यक्षज्ञानको हेतु इन्द्रिय र अर्थको सम्वन्ध, षड्विधः = छ प्रकारको हुन्छ। १.संयोग



onlinesanskritbooks.com

इन्द्रियार्थसन्निकर्सजन्यं ज्ञानं प्रत्यक्षम् = इन्द्रिय र अर्थको संयोगबाट उत्पन्न हुने ज्ञानलाई प्रत्यक्षज्ञान भनिन्छ। (ज्ञानाकरणकं ज्ञानं प्रत्यक्षम्) = ज्ञान करण नभएको ज्ञानलाई पनि प्रत्यक्षज्ञान (प्रमा) भनिन्छ । तद्द्विविधम्–निर्विकल्पकं सविकल्पकञ्चेति = प्रत्यक्षज्ञानका निर्विकल्पक र सविकल्पक गरी दुई प्रकारका भेद हुन्छन् ।

**निर्विकल्पकप्रत्यक्षलक्षणम्**

**तत्र निष्प्रकारकं ज्ञानं निर्विकल्पकम् ।**

तत्र निष्प्रकारकं ज्ञानं निर्विकल्पकम् = विशेष्य र विशेषण न भएको ज्ञानलाई निर्विकल्पक ज्ञान भनिन्छ।

**सविकल्पकप्रत्यक्षलक्षणम्**

**सप्रकारकं ज्ञानं सविकल्पकम्, यथा डित्थोऽय, ब्राह्मणोऽयं, श्यामोऽयमिति ।**

सप्रकारकं ज्ञानं सविकल्पकम् = विशेषण र विशेष्यको भान हुने ज्ञानलाई सविकल्पक ज्ञान भनिन्छ। यथा– डित्थोऽयं, ब्राह्मणोऽयं, श्यामोऽयमिति = जस्तै– त्यो काठको हात्ती हो, यो बाह्मण हो इत्यादि ।

**लौकिकसन्निकर्षनिरूपणम्**

**प्रत्यक्षज्ञानहेतुरिन्द्रियार्थसन्निकर्षः षड्विधः संयोगः । संयुक्तसमवायः, संयुक्तसमवेतसमवायः, समवेतसमवायः, विशेषणविशेष्यभावश्चेति ।**

प्रत्यक्षज्ञानहेतुरिन्द्रियार्थसन्निकर्षः = प्रत्यक्षज्ञानको हेतु इन्द्रिय र अर्थको सम्बन्ध, षड्विधः = छ प्रकारको हुन्छ । १.संयोग



onlinesanskritbooks.com

२.संयुक्तसमवाय, ३.संयुक्तसमवेतसमवाय, ४.समवाय ५.समवेतसमवाय र ६.विशेषणविशेष्यभाव ।

**संयोगसन्निकर्षनिरूपणम्**

**चक्षुषा घटप्रत्यक्षजनने संयोगः सन्निकर्षः ।**

चक्षुषा = चक्षु इन्द्रियले, घटप्रत्यक्षजनने= घडाको प्रत्यक्षज्ञान गर्दा, संयोगः सन्निकर्षः = संयोग सन्निकर्ष हुन्छ ।

**समवायसन्निकर्षनिरूपणम्**

**घटरूपप्रत्यक्षजनने संयुक्तसमवायः सन्निकर्षः । चक्षुःसंयुक्ते घटे रूपस्य समवायात् ।**

घटरूपप्रत्यक्षजनने= घटरूपको प्रत्यक्षज्ञान गर्दा, संयुक्तसमवायः सन्निकर्षः = संयुक्तसमवाय सन्निकर्ष हुन्छ । चक्षुःसंयुक्ते घटे रूपस्य समवायात्= चक्षु इन्द्रिय संयुक्त भएको घडामा, घडाको रूप समवायसम्बन्धले रहेको हुनाले ।

**सयुंक्तसमवेतसमवायसन्निकर्षलक्षणम्**

**रूपत्वसामान्यप्रत्यक्षे संयुक्तसमवेतसमवायः सन्निकर्षः । चक्षुःसंयुक्ते घटे रूपं समवेतम्, तत्र रूपत्वस्य समवायात् ।**

रूपत्वसामान्यप्रत्यक्षे= रूपत्वादि सामान्यको प्रत्यक्षज्ञान गर्दा, संयुक्तसमवेतसमवायः सन्निकर्षः= संयुक्तसमवेतसमवाय नामक सन्निकर्ष हुन्छ। चक्षुःसंयुक्ते घटे रूपं समवेतम्,= चक्षुसंयुक्त भएको घडामा रूप समावाय सम्बन्धले रहेको हुन्छ। तत्र रूपत्वस्य समवायात्= रूपमा पनि रूपत्व समवाय सम्बन्धले रहेको हुन्छ।



onlinesanskritbooks.com

**समवायसन्निकर्षनिरूपणम्**

**श्रोत्रेण शब्दसाक्षात्कारे समवायः सन्निकर्षः। कर्णविवरवर्त्याकाशस्य श्रोत्रत्वात्, शब्दस्याकाशगुणत्वात्, गुणगुणिनोश्च समवायात्।**

श्रोत्रेण शब्दसाक्षात्कारे = श्रोत्रेन्द्रियले शब्दको प्रत्यक्षज्ञान गर्दा, समवायः सन्निकर्षः = समवाय नामक सन्निकर्ष हुन्छ। कर्णविवरवर्त्याकाशस्य श्रोत्रत्वात्= श्रोत्रेन्द्रियमा रहेको खाली भाग श्रोत्रेन्द्रिय हो। शब्दस्याकाशगुणत्वात् = शब्द आकाशको गुण हो, समवायसम्बन्धले शब्दगुण आकाशमा बसेको हुन्छ। गुणगुणिनोश्च समवायात् = गुण र गुणी(द्रव्य)को सम्वन्ध समवाय हुन्छ।

**समवेतसमवायसन्निकर्षनिरूपणम्**

**शब्दत्वसाक्षात्कारे समवेतसमवायः सन्निकर्षः। श्रोत्रसमवेते शब्दे शब्दत्वस्य समवायात्।**

शब्दत्वसाक्षात्कारे= शब्दत्वको प्रत्यक्षज्ञान गर्दा, समवेतसमवायः = समवेत समवाय, सन्निकर्षः = सन्निकर्ष हुन्छ। श्रोत्रसमवेते शब्दे शब्दत्वस्य समवायात् = श्रोत्रसमवेत रहेको शब्दमा शब्दत्वजाति समवाय सम्बन्धले रहन्छ।

**विशेषणविशेष्यभावसन्निकर्षनिरूपणम्**

**अभावप्रत्यक्षे विशेषणविशेष्यभावः सन्निकर्षः। घटाभाववद्भूतलमित्यत्र चक्षुःसंयुक्ते भूतले घटाभावस्य विशेषणत्वात्।**

अभावप्रत्यक्षे = अभावको प्रत्यक्षमा, विशेषणविशेष्यभावः = विशेषण-विशेष्यभाव, सन्निकर्षः = सन्निकर्ष हुन्छ।



onlinesanskritbooks.com

घटाभाववद्भूतलमित्यत्र = घडा नभएको भूतलका स्थलमा, चक्षुःसंयुक्ते भूतले = चक्षु इन्द्रियसंयुक्त भएको त्यस भूतलमा, घटाभावस्य विशेषणत्वात् = घटाभाव विशेषण छ, एवं भूतल विशेष्य भएर रहेको छ ।

**प्रत्यक्षप्रमाणस्य निष्कृष्टं लक्षणम्**

**एवं सन्निकर्षषट्कजन्यं ज्ञानं प्रत्यक्षम्, तत्करण-मिन्द्रियम् । तस्मादिन्द्रियं प्रत्यक्षप्रमाणमिति सिद्धम् ।**

एवं सन्निकर्षषट्कजन्यं ज्ञानं प्रत्यक्षम्= यसप्रकार छवटा सन्निकर्षबाट उत्पन्न हुने ज्ञानलाई प्रत्यक्ष भनिन्छ । तत्करणमिन्द्रियम्= प्रत्यक्षज्ञानका करणहरू इन्द्रिय हुन्छन् । तस्मादिन्द्रियं प्रत्यक्षप्रमाणमिति सिद्धम् = त्यसकारणले इन्द्रियहरू प्रत्यक्षप्रमाण हुन्, यो पनि सिद्ध हुन्छ ।

प्रत्यक्ष निरूपण सकियो ।

---



onlinesanskritbooks.com

## अनुमान खण्डः

### अनुमान-निरूपणम्

**अनुमितिकरणमनुमानम् ।**

अनुमितिकरणम् अनुमानम् = अनुमितिज्ञानको करण[1] (साधन)लाई अनुमान प्रमाण भनिन्छ ।

### अनुमितिक्षणम्

**परामर्शजन्यं ज्ञानमनुमितिः ।**

परामर्शजन्यं ज्ञानमनुमितिः = परामर्शबाट उत्पन्न हुने ज्ञानलाई अनुमिति[2] भनिन्छ ।

### परामर्शलक्षणम्

**व्याप्तिविशिष्टपक्षधर्मताज्ञानं परामर्शः । यथा वह्निव्याप्यधूमवानयं पर्वत इति ज्ञानं परामर्शः । तज्जन्यं पर्वतो वह्निमान् इति ज्ञानमनुमितिः ॥**

व्याप्तिविशिष्टपक्षधर्मताज्ञानं परामर्शः[3] = व्यप्तिविशिष्टपक्षधर्मता ज्ञानलाई परामर्श भनिन्छ । यथा– वह्निव्याप्यधूमवानयं पर्वत इति ज्ञानं परामर्शः = त्यस परामर्शको आकार "वह्निव्याप्यविशिष्टधूम भएको यो पर्वत" यस्तो हुन्छ । यस प्रकारको ज्ञानलाई परामर्श मानिन्छ । तजन्यं पर्वतो वह्निमान् इति ज्ञानमनुमितिः = त्यस परामर्शबाट उत्पन्न "पर्वत आगोयुक्त छ" यस किसिमको ज्ञानलाई अनुमितिज्ञान भनिन्छ ।

### व्याप्तिनिरूपणम्

**यत्र यत्र धूमस्तत्र तत्राग्निरिति साहचर्यनियमो व्याप्तिः ।**

---

१. अनुमितिनिरूपितकरणत्वमनुमानप्रमाणलक्षणमिति । तच्च व्याप्तिज्ञानमेव । २. परामर्श- जन्यत्वविशिष्टज्ञानत्वमनुमितेर्लक्षणम् । ३. विषयितासम्बन्धेन व्याप्तिविशिष्टं पक्षधर्मताज्ञानं परामर्शः । धूमवान् पर्वत इत्यादिज्ञानवारणाय व्याप्तिविशिष्टस्य परामर्शलक्षणे नियोजनीयम् ।



onlinesanskritbooks.com

यत्र यत्र धूमस्तत्र तत्राग्निरिति साहचर्यनियमो व्याप्तिः = सहचरतीति सहचरः, तस्य भाव साहचर्यम् अर्थात् साथमा रहनु, समानाधिकरणमा रहनु इत्यादि। त्यही नै व्याप्ति हो। "जहाँ जहाँ धूवाँ हुन्छ, त्यहाँ त्यहाँ आगो हुन्छ"यही व्याप्तिको स्थलहो।

**पक्षधर्मतालक्षणम्**

**व्याप्यस्य पर्वतादिवृत्तित्वं पक्षधर्मता।**

व्याप्यस्य पर्वतादिवृत्तित्वं पक्षधर्मता= व्याप्यस्य व्याप्त्याश्रय (व्याप्तिविशिष्ट धूमको) पर्वतादिमा रहनु नै पक्षधर्मता हो ।

**अनुमानस्य भेदाः**

**अनुमानं द्विविधं स्वार्थं परार्थञ्च।**

अनुमानं द्विविधम् - स्वार्थं परार्थञ्च = अनुमान दुई प्रकारका छन्–१. स्वार्थानुमान २.परार्थानुमान।

**स्वार्थानुमाननिरूपणम्**

**स्वार्थं स्वानुमितिहेतुः। तथा हि स्वयमेव भूयो दर्शनेन यत्र यत्र धूमस्तत्र तत्र अग्निरिति महानसादौ व्याप्तिं गृहीत्वा पर्वतसमीपं गतस्तद्गते चाग्नौ सन्दिहानः पर्वते धूमं पश्यन् व्याप्तिं स्मरति, "यत्र यत्र धूमस्तत्र तत्राग्निः" इति। तदनन्तरं वह्निव्याप्यधूमवानयं पर्वत इति ज्ञानमुत्पद्यते, अयमेव लिङ्गपरामर्श इत्युच्यते। तस्मात् पर्वतो वह्निमान् इति ज्ञानमनुमितिरुत्पद्यते। तदेतत् स्वार्थानुमानम्।**

स्वार्थं स्वानुमितिहेतुः = आफ्नै अनुमितिज्ञानको हेतुलाई स्वार्थानुमान भनिन्छ। तथा हि = जसरी, (कुनै व्यक्तिले) स्वयमेव भूयो दर्शनेन = स्वयंले धेरै पटक देखेको, यत्र यत्र धूमस्तत्र तत्र अग्निरिति महानसादौ व्याप्तिं गृहीत्वा = "जहाँ जहाँ धुवाँ छ, त्यहाँ



onlinesanskritbooks.com

त्यहाँ आगो पनि छ," यस प्रकारको व्याप्तिलाई भान्सा–आदि स्थलमा निश्चय गरेर, पर्वतसमीपं गतस्तद्गते चाग्नौ सन्दिहानः = पर्वतको समीप गई, त्यहाँ अग्नि छ कि छैन भनी सन्देह गरी, पर्वते धूमं पश्यन् व्याप्तिं स्मरति = पर्वतमा धुवाँलाई देखी व्याप्तिको स्मरण गर्दछ , यत्र यत्र धूमस्तत्र तत्राग्निरिति = "जहाँ जहाँ धुवाँ छ, त्यहाँ त्यहाँ आगो छ" यसप्रकार, तदनन्तरं वह्निव्याप्यधूमवानयं पर्वत इति ज्ञानमुत्पद्यते = व्याप्ति स्मरणपछि "वह्निव्याप्य धूवाँ भएको यो पर्वत" यस किसीमको परामर्शात्मक ज्ञानको उत्पत्ति हुन्छ । अयमेव लिङ्गपरामर्श इत्युच्यते = यसै ज्ञानलाई लिङ्गपरामर्श भनिन्छ । तस्मात् पर्वतो वह्निमान् इति ज्ञानमनुमितिरुत्पद्यते = लिङ्गपरामर्शपछि "आगोयुक्त पर्वत" यस प्रकारको अनुमितिज्ञान हुन्छ । तदेतत् स्वार्थानुमानम् = यसैलाई स्वार्थानुमान भनिन्छ ।

## परार्थानुमाननिरूपणम्

**यत्तु स्वयं धूमादग्निमनुमाय परं प्रति बोधयितुं पञ्चावयववाक्यं प्रयुज्यते, तत्परार्थानुमानम् । यथा १) पर्वतो वह्निमान् २) धूमवत्वात् ३) यो यो धूमवान्, स स वह्निमान्, यथा महानसम् ४) तथा चायम् ५) तस्मात्तथा । अनेन प्रतिपादिताल्लिङ्गात्परोऽप्यग्निं प्रतिपद्यते ।**

यत्तु स्वयं धूमादग्निमनुमाय = जुन स्वयंले धूमबाट अग्निलाई अनुमान गरेर, परं प्रति बोधयितुं = अर्को व्यक्तिलाई ज्ञान गराउनका लागि, पञ्चावयववाक्यं प्रयुज्यते = पाँच प्रकारका वाक्यहरूको प्रयोग गरिन्छ, तत्परार्थानुमानम् = त्यसलाई परार्थानुमान भनिन्छ। यथा = जस्तै पाँच वाक्यहरू यस प्रकार छन्– १. पर्वतो



onlinesanskritbooks.com

वह्निमान् .=आगोयुक्त पर्वत छ । २. धूमवत्वात् = धुवाँ भएकाले । ३. यो यो धूमवान् स स वह्निमान्, यथा महानसम् = जहाँ जहाँ धुवाँ रहन्छ, त्यहाँ त्यहाँ आगो रहन्छ, जस्तै-भान्साघर । ४. तथा चायम् = त्यसैगरी पर्वतमा पनि वह्निव्याप्य धूम देखिएको छ । ५. तस्मात्तथा = वह्निव्याप्य धूम देखिएकाले पर्वतमा पनि आगो निश्चय नै रहेको छ । अनेन प्रतिपादिताल्लिङ्गात् परोऽप्यग्निं प्रतिपद्यते = यस प्रकार पाँच अवयववाक्यका सहयोगले ज्ञात हेतुबाट अरुले पनि पर्वतमा अग्निको अनुमान गर्दछन् ।

**पञ्चावयववाक्यनिरूपणम्**

**प्रतिज्ञाहेतूदाहरणोपनयनिगमनानि पञ्चावयवाः । पर्वतो वह्निमान् इति प्रतिज्ञा धूमवत्त्वादिति हेतुः । यो यो धूमवान् स स वह्निमान् इति उदाहरणम् । यथा चायमिति उपनयः । तस्मात्तथेति निगमनम् ।**

प्रतिज्ञाहेतूदाहरणोपनयनिगमनानि पञ्चावयवाः = प्रतिज्ञा, हेतु, उदाहरण, उपनयन, निगमन गरी पाँच प्रकारका[1] अवयव हुन्छन् । पर्वतो वह्निमान् इति प्रतिज्ञा = पर्वत आगोयुक्त छ यो प्रतिज्ञा हो । धूमवत्त्वादिति हेतुः = धूवाँ भएकाले, यो हेतु हो । यो यो धूमवान् स स वह्निमान् इति उदाहरणम् = जहाँ जहाँ धुवाँ हुन्छ, त्यहाँ त्यहाँ आगो हुन्छ, यो उदाहरण हो । यथा चायमिति उपनयः = यो पर्वत पनि भान्सा घर जस्तै वह्निव्याप्य धूवाँवाला छ, यो उपनय हो । तस्मात्तथेति निगमनम् = त्यस कारण यो पर्वत पनि आगोवाला छ, यो निगमन हो ।

---

१. प्रतिज्ञाद्यन्यतमत्वं पञ्चावयवत्वम् ।



onlinesanskritbooks.com

**अनुमानप्रमाणस्य निष्कृष्टलक्षणम्**

**स्वार्थानुमितिपरार्थानुमित्योर्लिङ्गपरामर्श एव करणम् । तस्माल्लिङ्गपरामर्शोऽनुमानम् ।**

स्वार्थानुमितिपरार्थानुमित्योर्लिङ्गपरामर्श एव करणम् = स्वार्थानुमिति र परार्थानुमिति यी दुबैमा लिङ्गपरामर्श नै करण हुन्छ । तस्माल्लिङ्गपरामर्शोऽनुमानम्= त्यसकारण लिङ्गपरामर्श (वह्निव्याप्यधूमवान् अयं पर्वत यसप्रकारको ज्ञान) नै अनुमान प्रमाण हो ।

**लिङ्गस्य भेदाः**

**लिङ्गं त्रिविधम्- अन्वयव्यतिरेकि, केवलान्वयि, केवलव्यतिरेकि चेति । अन्वयेन व्यतिरेकेण च व्याप्तिमदन्वयव्यतिरेकि । यथा वह्नौ साध्ये धूमवत्वम् । यत्र धूमस्तत्राग्निर्यथा महानसमित्यन्वयव्याप्तिः । यत्र वह्निर्नास्ति तत्र धूमोऽपि नास्ति, यथा महाह्रद इति व्यतिरेकव्याप्तिः ।**

लिङ्गं त्रिविधम् = हेतु तीन प्रकारका छन्, अन्वयव्यतिरेकि, केवलान्वयि, केवलव्यतिरेकि चेति= १.अन्वयव्यतिरेकी, २.केवलान्वयी र ३.केवलव्यतिरेकी । अन्वयेन व्यतिरेकेण च व्याप्तिमदन्वयव्यतिरेकि= अन्वयव्याप्ति र व्यतिरेकव्याप्ति दुबै व्याप्तिहरू भएको हेतुलाई अन्वयव्यतिरेकी भनिन्छ । यथा वह्नौ साध्ये धूमवत्वम् = जस्तै साध्यरूप वह्निका लागि धूमवत्व(धूम) हेतु । यत्र धूमस्तत्राग्निर्यथा महानसमित्यन्वयव्याप्तिः = "जहाँ धुवाँ त्यहाँ आगो, जस्तै भान्साघर" यो अन्वयव्याप्ति हो । यत्र वह्निर्नास्ति तत्र धूमोऽपि नास्ति यथा महाह्रद इति व्यतिरेकव्याप्तिः = "जहाँ आगो



onlinesanskritbooks.com

छैन, त्यहाँ धुवाँ पनि छैन, जस्तै–जलाशय" यो व्यतिरेकव्याप्ति हो ।

## केवलान्वयिनिरूपणम्

**अन्वयमात्रव्याप्तिकं केवलान्वयि । यथा घटोऽभिधेयः, प्रमेयत्वात्, पटवत् । अत्र प्रमेयत्वाभिधेयत्वयोः व्यतिरेकव्याप्तिर्नास्ति, सर्वस्यापि प्रमेयत्वादभिधेयत्वाच्च ।**

अन्वयमात्रव्याप्तिकं केवलान्वयि = अन्वयमात्र व्याप्ति भएको हेतु केवलान्वयी हो । यथा घटोऽभिधेयः प्रमेयत्वात्, पटवत् = घडा अभिधेय हो, प्रमेय भएको हुनाले, जस्तै पट, यस दृष्टान्तमा साध्य अभिधेयत्व र हेतु प्रमेयत्व छ । प्रमेयत्व र अभिधेयत्व सम्पूर्ण पदार्थमा छन्, त्यसको अभाव कँही पनि हुन सक्दैन । अत्र प्रमेयत्वाभिधेयत्वयोर्व्यतिरेकव्याप्तिर्नास्ति = यहाँ प्रमेयत्व र अभिधेयत्वको व्यतिरेकदृष्टान्त बन्न सक्दैन । सर्वस्यापि प्रमेयत्वादभिधेयत्वाच्च= सम्पूर्ण पदार्थहरू प्रमेय र अभिधेय हुने भएकाले ।

## केवलव्यतिरेकिनिरूपणम्

**व्यतिरेकमात्रव्याप्तिकं केवलव्यतिरेकि । यथा पृथिवीतरेभ्यो भिद्यते, गन्धवत्वात्, यदितरेभ्यो न भिद्यते न तद्गन्धवत् यथा जलम् न चेयं तथा, तस्मान्न तथेति । अत्र यद् गन्धवत् तदितरभिन्नमित्यन्वयदृष्टान्तो नास्ति, पृथिवीमात्रस्य पक्षत्वात् ।**

व्यतिरेकमात्रव्याप्तिकं केवलव्यतिरेकि = जहाँ केवल व्यतिरेकमात्र व्याप्ति भएको हेतु हुन्छ, त्यसलाई केवलव्यतिरेकी भनिन्छ । यथा



onlinesanskritbooks.com

पृथिवीतरेभ्यो भिद्यते, गन्धवत्वात् = जस्तै :– पृथिवी अन्य द्रव्यदेखि अलग छ, गन्ध भएको हुनाले, यदितरेभ्यो न भिद्यते, न तद् गन्धवत् = जो इतरदेखि भिन्न हुँदैन, त्यसमा गन्ध पनि हुँदैन। यथा जलम् = जस्तै जल। न चेयम् तथा = पृथिवी इतरपदार्थ जस्तै गन्ध रहित छैन, तस्मान्न तथेति= त्यसकारण पृथिवी जलादिदेखि भिन्न छ। अत्र यद् गन्धवत् तदितरभिन्नमित्यन्वयदृष्टान्तो नास्ति = यहाँ भेदसाधक अन्वय दृष्टान्त उपलब्ध हुँदैन, पृथिवीमात्रस्य पक्षत्वात् = किनकि यहाँ संपूर्ण पृथिवीलाई पक्ष बनाइएको छ।

**पक्षस्य लक्षणम्**

**सन्दिग्धसाध्यवान् पक्षः। यथा धूमवत्वे हेतौ पर्वतः।**

सन्दिग्धसाध्यवान् पक्षः = जहाँ साध्यको सन्देह हुन्छ, त्यही पक्ष हो । यथा धूमवत्वे हेतौ पर्वतः= जस्तै धूमवत्व(धूम) हेतुका लागि पर्वत पक्ष छ ।

**सपक्षस्य लक्षणम्**

**निश्चितसाध्यवान् सपक्षः। यथा तत्रैव महानसम्।**

निश्चितसाध्यवान् सपक्षः = जहाँ साध्यको निश्चय पहिलेदेखि नै भएको हुन्छ, त्यो सपक्ष हो । यथा तत्रैव महानसम् = जस्तै (पर्वतो वह्निमान् धूमात्) स्थलमा भान्साघर सपक्ष छ । भान्साघरमा पहिले नै आगो हुन्छ भन्ने निश्चय भइसकेको हुनाले ।

**विपक्षस्य लक्षणम्**

**निश्चितसाध्याभाववान् विपक्षः। यथा तत्रैव महाह्रदः।**

निश्चितसाध्याभाववान् विपक्षः = जहाँ साध्यको अभाव निश्चय हुन्छ, त्यही विपक्ष हो । यथा तत्रैव महाह्रदः= (पर्वतो वह्निमान्



onlinesanskritbooks.com

धूमात्) यस प्रकारको वह्निसाध्य भएको अनुमान स्थलमा अग्निको अभाव निश्चित भएको समुद्र, तलाउ आदि विपक्ष हुन्छन् ।

**हेत्वाभासप्रकरणम्[1]**

**सव्यभिचारविरुद्धसत्प्रतिपक्षासिद्धबाधिताः पञ्च हेत्वभासाः ।**

सव्यभिचारविरुद्धसत्प्रतिपक्षासिद्धबाधिताः पञ्च हेत्वभासाः= सव्यभिचार, विरुद्ध, सत्प्रतिपक्ष, असिद्ध, र बाधित गरी हेत्वाभासहरू पाँच प्रकारका छन् ।

**सव्यभिचारस्य लक्षणं तस्य भेदाश्च**

**सव्यभिचारोऽनैकान्तिकः । स त्रिविधः, साधारणासाधाणानुपसंहारिभेदात् ।**

सव्यभिचारोऽनैकान्तिकः = सव्यभिचारलाई अनैकान्तिक पनि भन्दछन् । स त्रिविधः, साधारणासाधारणानुपसंहारिभेदात् = अनैकान्तिक तीन प्रकारको हुन्छ साधारण, असाधारण र अनुपसंहारीका भेदले ।

**साधारण-अनैकान्तिकस्य लक्षणम्**

**तत्र साध्याभाववद्वृत्तिः साधारणोऽनैकान्तिकः । यथा पर्वतो वह्निमान् प्रमेयत्वादिति । अत्र प्रमेयत्वस्य वह्न्यभाववति ह्रदे विद्यमानत्वात् ।**

तत्र साध्याभाववद्वृत्तिः = जहाँ साध्यको अभावमा पनि हेतु रहन्छ भने, साधारणोऽनैकान्तिकः = त्यसलाई साधारण अनैकान्तिक हेत्वाभास भनिन्छ । यथा पर्वतो वह्निमान् प्रमेयत्वादिति= पर्वत

१.हेतुवद् आभासन्ते इति हेत्वाभासाः । दुष्टहेतवः । देषाश्च व्यभिचारविरोधसत्प्रतिपक्षासिद्धिवाधाः ।



onlinesanskritbooks.com

अग्निवाला छ, प्रमेयत्व भएकाले। अत्र प्रमेयत्वस्य वह्न्यभाववति ह्रदे विद्यमानत्वात्= जस्तै यहाँ प्रमेयत्व हेतु साध्यको अभाव हुने स्थलमा (जल, आदिमा पनि) रहन्छ ।

**असाधारणस्य लक्षणम्**

**सर्वसपक्षविपक्षव्यावृत्तः पक्षमात्रवृत्तिरसाधारणः। यथा शब्दो नित्यः शब्दत्वादिति। अत्र शब्दत्वं सर्वेभ्यो नित्येभ्योऽनित्येभ्यश्च व्यावृत्तं शब्दमात्रवृत्ति ।**

सर्वसपक्षविपक्षव्यावृत्तः = सबै सपक्ष र विपक्षलाई छाडेर, पक्षमात्रवृत्तिरसाधारणः = पक्षमात्रमा हेतु रहन्छ भने त्यसलाई असाधारण अनैकान्तिक हेत्वाभास भनिन्छ। यथा शब्दो नित्यः शब्दत्वादिति = जस्तै–शब्द नित्य छ, शब्दत्व भएकाले । अत्र शब्दत्वं सर्वेभ्यो नित्येभ्योऽनित्येभ्यश्च व्यावृत्तं शब्दमात्रवृत्ति = यहाँ शब्दत्व हेतु सबै नित्य र अनित्य पदार्थलाई छाडेर शब्दमात्रमा रहन्छ।

**अनुपसंहारिलक्षणम्**

**अन्वयव्यतिरेकदृष्टान्तरहितोऽनुपसंहारी। यथा सर्वमनित्यं प्रमेयत्वादिति अत्र सर्वस्यापि पक्षत्वात् दृष्टान्तो नास्ति ।**

अन्वयव्यतिरेकदृष्टान्तरहितोऽनुपसंहारी = जहाँ अन्वयव्याप्ति र व्यतिरेकिव्याप्ति (दुवै व्याप्ति) हुन सक्दैनन् त्यसलाई अनुपसंहारी हेत्वाभास भनिन्छ। यथा सर्वमनित्यं प्रमेयत्वादिति = जस्तै सबै पदार्थहरू अनित्य छन्, सबैमा प्रमेयत्व (ज्ञानविषयत्व) भएकाले। अत्र सर्वस्यापि पक्षत्वात् दृष्टान्तो नास्ति = यहाँ सबै पदार्थ पक्ष भएकाले त्यसदेखि अतिरिक्त दृष्टान्त मिल्दैन ।



onlinesanskritbooks.com

**विरुद्धस्य लक्षणम्**

**साध्याभावव्याप्तो हेतुर्विरुद्धः । यथा शब्दो नित्यः कृतकत्वात्, घटवदिति । अत्र कृतकत्वं हि नित्यत्वाभावेनाऽनित्यत्वेन व्याप्तम् ।**

साध्याभावव्याप्तो हेतुर्विरुद्धः = साध्यको अभावले व्याप्त भएको हेतुलाई विरुद्ध भनिन्छ। यथा शब्दो नित्यः कृतकत्वात् घटवदिति= जस्तै :- शब्द नित्य छ, कार्य भएकाले । अत्र कृतकत्वं हि नित्यत्वाभावेनाऽनित्यत्वेन व्याप्तम् = यहाँ कार्यत्व हेतु नित्यत्वको अभावले अर्थात् अनित्यले व्याप्त छ ।

**सत्प्रतिपक्षस्य लक्षणम्**

**यस्य साध्याभावसाधकं हेत्वन्तरं विद्यते, स सत्प्रतिपक्षः । यथा शब्दो नित्यः श्रावणत्वाच्छब्दत्ववत् । शब्दोऽनित्यः कार्यत्वाद्, घटवत् ।**

साध्याभावसाधकं हेत्वन्तरं यस्य स सत्प्रतिपक्षः = साध्यको अभावलाई सिद्ध गर्ने अर्को हेतु विद्यमान छ भने त्यसलाई सत्प्रतिपक्ष भनिन्छ । यथा शब्दो नित्यः श्रावणत्वाच्छब्दत्ववत् = जस्तै शब्द नित्य छ, श्रोत्रेन्द्रियले ग्रहण गर्ने भएकाले, शब्दत्व जाति जस्तै । शब्दोऽनित्यः कार्यत्वाद् घटवत् = यहाँ पहिलेको ठिक विपरीत - शब्द अनित्य छ कार्य भएकाले, घडा जसरी अनित्य छ, त्यसरी नै शब्द पनि अनित्य छ । यस स्थलमा पहिलेको अनुमानको साध्य नित्यत्वको अभाव अनित्यत्वको साधक कार्यत्व हेतु विद्यमान छ ।



onlinesanskritbooks.com

**असिद्धस्य भेदाः**

**असिद्धस्त्रिविधः । आश्रयासिद्धः,स्वरूपासिद्धो व्याप्यत्वासिद्ध-श्चेति ।**

असिद्धस्त्रिविधः = असिद्धका तीन भेद छन् । आश्रयासिद्धः, स्वरूपासिद्धो व्याप्यत्वासिद्धश्चेति = ती तीन भेदहरू– आश्रयासिद्ध, स्वरूपासिद्ध र व्याप्यत्वासिद्ध हुन् ।

**आश्रयसिद्धस्य लक्षणम्**

**आश्रयासिद्धो यथा गगनारविन्दं सुरभि अरविन्दत्वात् सरोजारविन्दवत् । अत्र गगनारविन्दमाश्रयः, स नास्त्येव ।**

आश्रयासिद्धो यथा गगनारविन्दं सुरभि, अरविन्दत्वात्, सरोजारविन्दवत् = जस्तै आकाशमा पाइने कमलपुष्प सुगन्धित छ, कमलपुष्पत्व भएकाले । तलाउमा पाइने कमलपुष्प जसरी नै । अत्र गगनारविन्दमाश्रयः, स नास्त्येव = यहाँ आकाशीय कमलरूप आश्रय नै असिद्ध छ ।

**स्वरूपसिद्धस्य लक्षणम्**

**स्वरूपासिद्धो यथा शब्दो गुणश्चाक्षुषत्वात् । अत्र चाक्षुषत्वं शब्दे नास्ति, शब्दस्य श्रावणत्वाद् ।**

स्वरूपासिद्धो यथा – शब्दो गुणश्चाक्षुषत्वात् = स्वरूपासिद्ध हेतुको उदाहरण, जस्तै– शब्द गुण हो, चक्षु इन्द्रियले ग्रहण गर्ने भएकाले । अत्र चाक्षुषत्वं शब्दे नास्ति = यहाँ चाक्षुषत्व शब्दमा छैन । शब्दस्य श्रावणत्वाद् = शब्द श्रवण इन्द्रियबाट ग्रहण गरिने भएकाले ।



onlinesanskritbooks.com

**व्याप्यत्वासिद्धस्य लक्षणम्**

**सोपाधिको हेतुर्व्याप्यत्वासिद्धः । साध्यव्यापकत्वे सति साधनाव्यापकत्वमुपाधिः । साध्यसमानाधिकरणात्यन्ताभावाप्रतियोगित्वं साध्यव्यापकत्वम् । साधनवन्निष्ठ-अत्यन्ताभावप्रतियोगित्वं साधनाव्यापकत्वम् । यथा पर्वतो धूमवान् वह्निमत्वादित्यत्रार्द्रेन्धनसंयोग उपाधिः । यत्र धूमस्तत्रार्देन्धनसंयोग इति साध्यव्यापकत्वम् । यत्र वह्निस्तत्रार्द्रेन्धनसंयोगो नास्ति, अयोगोलके आर्द्रेन्धनसंयोगाभावादिति साधनाव्यापकत्वम् । एवं साध्यव्यापकत्वे सति साधनाव्यापकत्वादार्द्रेन्धनसंयोग उपाधिः । सोपाधिकत्वाद् वह्निमत्वं व्याप्यत्वासिद्धम् ।**

सोपाधिको हेतुर्व्याप्यत्वासिद्धः = उपाधि भएको हेतुलाई व्याप्यत्वासिद्ध भनिन्छ । साध्यव्यापकत्वे सति साधनाव्यापकत्वमुपाधिः = साध्यको व्यापक भई हेतुको अव्यापक हुनुलाई उपाधि भनिन्छ। साध्यसमानाधिकरणात्यन्ताभावाप्रतियोगित्वं साध्यव्यापकत्वम् = साध्यको समान अधिकरणमा रहेको अत्यन्ताभावको अप्रतियोगी नै साध्यव्यापक हो । साधनावन्निष्ठ-अत्यन्ताभावप्रतियोगित्वं साधनाव्यापकत्वम् = हेतुको अधिकरणमा रहेको अत्यन्त अभावको प्रतियोगी नै साधनाव्यापकत्व हो। पर्वतो धूमवान् वह्निमत्वादित्यत्राद्रेन्धनसंयोग उपाधिः = जस्तै पर्वतो धूमवान् वह्निमत्वात् यहाँ आर्द्रेन्धनसंयोगरूप उपाधि छ । यत्र धूमस्तत्रार्देन्धनसंयोग इति साध्यव्यापकता = जहाँ धुवाँ छ, त्यहाँ आर्द्रेन्धनसंयोग छ, त्यसकारण त्यसमा साध्यव्यापकता छ । यत्र वह्निस्तत्रार्द्रेन्धनसंयोगो नास्ति= जहाँ वह्नि छ, त्यहाँ आर्द्रेन्धनसंयोग



onlinesanskritbooks.com

छैन, अयोगोलके आद्रेन्धनसंयोगाभावादिति साधनाव्यापकता = अयोगोलकमा आर्द्रेन्धनसंयोग नभएकाले साधनको अव्यापकता पनि सिद्ध हुन्छ । एवं साध्यव्यापकत्वे सति साधनाव्यापकत्वाद् आर्द्रेन्धनसंयोग उपाधिः । यसप्रकार उक्त स्थलमा साध्यव्यापक र साधनाव्यापक भएकाले आर्द्रेन्धनसंयोग उपाधि भयो। सोपाधिकत्वात् वह्निमत्वं व्याप्यत्वासिद्धम्= उपाधि भएकाले वह्निमत्व हेतु व्याप्यत्वासिद्ध दोषले युक्त छ ।

**बाधितस्य लक्षणम्**

**यस्य साध्याभावः प्रमाणान्तरेण निश्चितः, स बाधितः । यथा वह्निरनुष्णो द्रव्यत्वादिति । अत्रानुष्णत्वं साध्यम्, तदभाव उष्णत्वं स्पार्शनप्रत्यक्षेण गृह्यते इति बाधितत्वम् ।**

यस्य साध्याभावः प्रमाणान्तरेण निश्चितः, स बाधितः= जुन हेतुको साध्याभाव अन्य प्रमाणले नै पक्षमा निश्चित छ, त्यसलाई बाधित हेत्वाभास भनिन्छ। यथा वह्निरनुष्णो द्रव्यत्वादिति= जस्तै–वह्नि अनुष्ण छ, द्रव्य भएकाले । अत्रानुष्णत्वं साध्यम्= यहाँ अनुष्णत्व साध्य छ, तदभाव उष्णत्वं स्पार्शनप्रत्यक्षेण गृह्यते= अनुष्णाभाव अर्थात् उष्णत्वको त्वगिन्द्रिय(प्रत्यक्ष)ले निश्चय गरिसकेकाले, इति बाधितत्वम् = उक्त स्थलमा द्रव्यत्वरूप हेतु बाधितरूप हेत्वाभासको उदाहरण बन्दछ ॥

अनुमान खण्ड समाप्त भयो ।

onlinesanskritbooks.com

गवय शब्दवाच्य इत्युपमितिरुत्पद्यते= त्यसपछि "यो प्राणि गवय शब्द वाच्य हो" यस्तो उपमितिरुप ज्ञान हुन्छ।

उपमान खण्ड सकियो।

## शब्द-निरूपणम्

**शब्दनिरूपणम्**

**आप्तवाक्यं शब्दः। आप्तस्तु यथार्थवक्ता। वाक्यं पदसमूहः। यथा गामानयेति। शक्तं पदम्। अस्मात् पदाद् अयमर्थो बोद्धव्य इति ईश्वरसंकेतः शक्तिः।**

आप्तवाक्यं शब्दः= आप्त पुरुषले उच्चारण गरेको वाक्यलाई शब्दप्रमाण भनिन्छ। आप्तस्तु यथार्थवक्ता= सत्य बोल्नेलाई आप्त[1] भनिन्छ। वाक्यं पदसमूहः= पदको समूहलाई वाक्य भनिन्छ। यथा गामानयेति= जस्तै गाई ल्याउनु इत्यादि। शक्तं पदम्= जसमा शक्ति हुन्छ, त्यसलाई पद भनिन्छ। अस्मात् पदाद् अयमर्थो वोद्धव्य इति ईश्वरसंकेतः शक्तिः= यस पदबाट यस्तो अर्थ लागोस् भन्ने ईश्वर संकेत नै शक्ति हो।

**वाक्यार्थज्ञाने हेतवः**

**आकांक्षा योग्यता सन्निधिश्च वाक्यार्थज्ञाने हेतुः।**

आकांक्षा योग्यता सन्निधिश्च वाक्यार्थज्ञाने हेतुः= आकांक्षा योग्यता र सन्निधि वाक्यार्थको ज्ञानमा कारण हुन्छन्।

**आकांक्षायाः निरूपणम्**

**पदस्य पदान्तरव्यतिरेकप्रयुक्तान्वयाननुभावकत्वमाकाङ्क्षा। आकांक्षाविरहात्। वह्निना सिञ्चतीति न प्रमाणम्,**

---

१. अप्तोच्चारितत्वे सति वाक्यत्वं शब्दस्य लक्षणम्। आप्तस्तु यथाभूताबाधितार्थोपदेष्टा।



onlinesanskritbooks.com

**योग्याता-विरहात्। प्रहरे प्रहरेऽसहोच्चारितानि गामानयेत्यादिपदानि न प्रमाणम्, सान्निध्याभावात्।**

अर्थाबाधो योग्यता=अर्थको अबाध(बाधाभाव) अर्थात् बाध नहुनु नै योग्यता हो । पदानामविलम्बेनोच्चारणं सन्निधिः = पदहरूलाई छिटो छिटो उच्चारण गर्नु नै सन्निधि हो। तथा च आकांक्षादिरहितं वाक्यमप्रमाणम् =आकांक्षा, योग्यता र सन्निधिदेखि रहित वाक्यहरू प्रामाणिक हुँदैनन्। यथा गौरश्वःपुरुषो हस्तीति न प्रमाणम्= जस्तै गाई, घोडा, मानिस, हात्ती जस्ता पदहरुको समूहरुप वाक्य प्रामाणिक हुँदैनन् । (किनकि) आकांक्षाविरहात्= ती वाक्यहरूमा आकांक्षा नभएको हुनाले । वह्निना सिञ्चतीति न प्रमाणम्, योग्याता-विरहात्= "अग्निले अभिषेक गर्दछ" यस्तो वाक्य पनि प्रामाणिक हुँदैन, किनकि यस वाक्यमा योग्यता छैन । प्रहरे प्रहरे असहोच्चारितानि गामानयेत्यादिपदानि न प्रमाणम् = प्रहर प्रहरमा उच्चारण गरिएका गाई ल्याउनु (जस्तै एउटा प्रहरमा गाई र अर्को प्रहरमा ल्याउनु ) इत्यादि पनि प्रमाणयुक्त हुँदैनन्, सान्निध्याभावात्= किनकि यस्ता वाक्यहरूमा सन्निकटता छैन ।

**वाक्यस्य भेदाः**

**वाक्यं द्विविधं वैदिकं लौकिकञ्च । वैदिकमीश्वरोक्तत्वात् सर्वमेव प्रमाणम्। लौकिकं त्वाप्तोक्तं प्रमाणम्, अन्यदप्रमाणम्। वाक्यार्थज्ञानं शाब्दज्ञानम्। तत्करणं तु शब्दः ।**

वाक्यं द्विविधं वैदिकं लौकिकञ्च= वाक्य दुई प्रकारको हुन्छ - वैदिक र लौकिक । वैदिकम् ईश्वरोक्तत्वात् सर्वमेव प्रमाणम्= वैदिक वाक्यहरू ईश्वरद्वारा उच्चरित हुनाले सबै प्रामाणिक



onlinesanskritbooks.com

हुन्छन् । लौकिकं त्वाप्तोक्तं प्रमाणम्= आप्तहरूले उच्चारण गर्नु भएका लौकिक वाक्यहरू पनि प्रामाणिक हुन्छन्, अन्यदप्रमाणम्= त्यसदेखि अतिरिक्त (मिथ्यावादीले उच्चारण गरेका वाक्य) प्रामाणिक हुँदैनन् । वाक्यार्थज्ञानं शाब्दज्ञानम्= वाक्यार्थज्ञान(वाक्यको अर्थलाई बुझ्नु नै) शाब्दज्ञान हो । तत्करणं तु शब्दः= त्यस शाब्दज्ञानको करण(असाधारण)कारण नै शब्द हो ॥

शब्दखण्ड समाप्त भयो ।

## अवशिष्ट गुणनिरूपणम्

**अयथार्थानुभवस्य भेदाः**

**अयथार्थानुभवस्त्रिविधः – संशयविपर्ययतर्कभेदात् ।**

अयथार्थानुभवस्त्रिविधः–संशयविपर्ययतर्कभेदात्= अयथार्थानुभव तीन प्रकारको छ, १.संशय २. विपर्यय र ३.तर्क ।

**संशयस्य लक्षणम्**

**एकस्मिन् धर्मिणि विरुद्धनानाधर्मवैशिष्ट्यावगाहिज्ञानं संशयः । यथा स्थाणुर्वा पुरुषो वेति ।**

एकस्मिन् धर्मिणि विरुद्धनानाधर्मवैशिष्ट्यावगाहिज्ञानं संशयः= एक विशेष्यमा परस्पर विरुद्ध अनेक धर्महरूको सम्बन्धको ज्ञान हुनु नै संशय हो । यथा स्थाणुर्वा पुरुषो वेति= जस्तै कुनै एक सुकेको रुखको ठूटोलाई देखेर त्यसमा सन्देह हुन्छ कि – यो सुकेको रुखको ठूटो हो अथवा कोई व्यक्ति ।



onlinesanskritbooks.com

**मिथ्याज्ञानस्य लक्षणम्**

**मिथ्याज्ञानं विपर्ययः । यथा शुक्तौ रजतम् इति ।**

मिथ्याज्ञानं विपर्ययः= मिथ्याज्ञान(झुटो ज्ञान) नै विपर्यय हो । यथा शुक्तौ रजतम् इति= जस्तै सीपीमा चाँदीको ज्ञान ।

**तर्कस्य लक्षणम्**

**व्याप्यारोपेण व्यापकारोपस्तर्कः । यथा यदि वह्निर्न स्यात्, तर्हि धूमोऽपि न स्यात् ।**

व्याप्यारोपेण व्यापकारोपस्तर्कः= व्याप्यको आरोपबाट व्यापकको आरोप गर्नु नै तर्क हो । यथा यदि वह्निर्न स्यात्, तर्हि धूमोऽपि न स्यात्= जस्तै यहाँ व्याप्यको आरोप (वह्न्यभाव)द्वारा (धूमाभावरूप) व्यापकको आरोप गरिन्छ ।

**स्मृतिनिरूपणम्**

**स्मृतिरपि द्विविधा– यथार्था अयथार्था च । प्रमाजन्या यथार्था, अप्रमाजन्या अयथार्था ।**

स्मृतिरपि द्विविधा– यथार्था अयथार्था च= स्मृति पनि दुई प्रकारको हुन्छ– १.यथार्थ २. अयथार्थ । प्रमाजन्या यथार्था, अप्रमाजन्या अयथार्था= यथार्थज्ञान(वास्तविकज्ञान)बाट उत्पन्न स्मृति यथार्थ हुन्छ एवं अयथार्थज्ञान (अवास्तविकज्ञान)बाट उत्पन्न स्मृति अयथार्थ हुन्छ ।

**सुखस्य लक्षणम्**

**सर्वेषामनुकूलवेदनीयं सुखम् ।**

सर्वेषामनुकूलवेदनीयं सुखम्= सबैलाई अनुकूलता लाग्ने (विषय)नै सुख हो ।



onlinesanskritbooks.com

**दुःखस्य लक्षणम्**

**प्रतिकूलवेदनीयं दुःखम् ।**

(सर्वेषां) प्रतिकूलवेदनीयं दुखम्= सबैको अप्रियताको अनुभूतिको विषय नै दुःख हो ।

**इच्छाक्रोधकृतीनां लक्षणम्**

**इच्छा कामः । क्रोधो द्वेषः, कृतिः प्रयत्नः ।**

इच्छा कामः= कामना नै इच्छा हो । क्रोधो द्वेषः= द्वेष नै क्रोध हो । कृतिः प्रयत्नः= (आत्माको) उद्यम या प्रयत्न नै कृति हो ।

**धर्माधर्मयोः लक्षणम्**

**विहितकर्मजन्यो धर्मः । निषिद्धकर्मजन्यस्त्वधर्मः ।**

विहितकर्मजन्यो धर्मः= वेदादिद्वारा विहित कर्मबाट उत्पन्न अदृष्टलाई धर्म भनिन्छ । निषिद्धकर्मजन्यस्त्वधर्मः= वेदादिद्वारा निषेधित कर्मबाट उत्पन्न अदृष्टलाई अधर्म भनिन्छ ।

**आत्मनो विशेषगुणाः ।**

**बुद्ध्यादयोऽष्टावात्ममात्रविशेषगुणाः । बुद्धीच्छाप्रयत्ना नित्या अनित्याश्च । नित्या ईश्वरस्य, अनित्या जीवस्य ।**

बुद्ध्यादयोऽष्टावात्ममात्रविशेषगुणाः= उपर्युक्त बुद्धि, सुख, दुःख, इच्छा, द्वेष, प्रयत्न, धर्म, अधर्म यी ८ आत्माका विशेष गुण हुन् । हेतुलाई प्रसारण भनिन्छ । अन्यत्सर्वं गमनम्= यी चारदेखि अतिरिक्त जति पनि कर्म छन्, ती सबै कर्मलाई गमन भनिन्छ ।

---

१. बुद्धिसुखदुःखइच्छाद्वेषप्रयन्तसुखदुःखेच्छाद्वेषप्रयत्नधर्माधर्माः आत्मनो विशषगुणाः इत्यर्थः ।

onlinesanskritbooks.com

**संस्कारस्य भेदाः**

**संस्कारस्त्रिविधः – वेगो भावना स्थितिस्थापकश्चेति । वेगः पृथिव्यादिचतुष्टयमनोवृत्तिः । अनुभवजन्या स्मृतिहेतुर्भावना, आत्ममात्रवृत्तिः । अन्यथाकृतस्य पुनस्तदवस्थापादकः, स्थितिस्थापकः, कटादिपृथिवीवृत्तिः ॥**

संस्कारस्त्रिविधः–वेगो भावना स्थितिस्थापकश्चेति= संस्कार तीन प्रकारका हुन्छन्–वेग, भावना र स्थितिस्थापक । वेगः पृथिव्यादिचतुष्टयमनोवृत्तिः= वेगाख्य संस्कार पृथिवी, जल, तेज, वायु र मनमा बस्दछ । अनुभवजन्या स्मृतिहेतुर्भावना, आत्ममात्रवृत्तिः= अनुभवबाट उत्पन्न स्मृतिका लागि हेतु भएको भावनाख्य संस्कार आत्मामा मात्र रहन्छ । अन्यथाकृतस्य पुनस्तदवस्थापादकः, स्थितिस्थापकः= अर्कै अवस्थामा पुगेको वस्तु फेरी आफ्नो अवस्थामा आउनुलाई स्थितिस्थापक संस्कार भनिन्छ । कटादिपृथिवीवृत्तिः= चटाई आदि पार्थिव पदार्थमा स्थितिस्थापक संस्कार रहन्छ ।

## कर्मादिपदार्थलक्षणप्रकरणम्

**कर्मणः लक्षणं तस्य भेदाश्च**

**कर्मनिचलनात्मकं कर्म । ऊर्ध्वदेशसंयोगहेतुरुत्क्षेपणम् । अधोदेशसंयोगहेतुरपक्षेपणम् । शरीरस्य सन्निकृष्टसंयोगहेतुराकुञ्चनम् । विप्रकृष्टसंयोगहेतुः प्रसारणम् । अन्यत्सर्वं गमनम् ।**



onlinesanskritbooks.com

चलनात्मकं कर्म= चलनात्मक(हिड्नु, फिर्नु) आदि क्रियाको नाम कर्म हो । ऊर्ध्वदेशसंयोगहेतुरुत्क्षेपणम् = ऊर्ध्व (माथि)तिर संयोग हुनको कारणलाई उत्क्षेपण कर्म भनिन्छ । अधोदेशसंयोगहेतु-रपक्षेपणम्= तल्लोतिरको भागमा संयोग हुनुको कारणलाई अपक्षेपण कर्म भनिन्छ । शरीरस्य सन्निकृष्टसंयोगहेतुराकुञ्चनम्= शरीरको नजिक ल्याउने संयोगको हेतुलाई आकुञ्चन भनिन्छ । विप्रकृष्टसंयोगहेतुः प्रसारणम्= शरीरदेखि टाडा लैजाने संयोगको हेतुलाई प्रसारण भनिन्छ । अन्यत्सर्वं गमनम्= यी चारदेखि अतिरिक्त जति पनि कर्म छन्, ती सबै कर्मलाई गमन भनिन्छ ।

**सामान्यस्य लक्षणम्**

**नित्यमेकमनेकानुगतं सामान्यम् । द्रव्यगुणकर्मवृत्ति । परं सत्ता, अपरं द्रव्यत्वादि ।**

नित्यमेकमनेकानुगतं सामान्यम्[1]= नित्य, एक हुँदाहुँदै अनेकमा रहने, पदार्थलाई सामान्य भनिन्छ । द्रव्यगुणकर्मवृत्ति= सामान्य द्रव्य, गुण र कर्ममा रहन्छ। परं सत्ता= सबै भन्दा धेरै ठाउँमा रहने सामान्यलाई सत्ता भनिन्छ। अपरं द्रव्यत्वादि= द्रव्यत्वादि जातिहरू सत्ताभन्दा थोरै ठाउँमा रहने भएकाले अपर सामान्य हुन् ।

**विशेषस्य लक्षणम्**

**नित्यद्रव्यवृत्तयो व्यावर्तका विशेषाः ।**

नित्यद्रव्यवृत्तयो व्यावर्तकाः विशेषाः = नित्य द्रव्यमा रहँदै अन्य द्रव्यलाई अलग गर्ने पदार्थलाई विशेष भनिन्छ ।

---

१.नित्यत्वे सति अनेकसमवेतत्वं सामान्यलक्षणम् । नित्यत्वञ्च ध्वंसाप्रतियोगित्वमिति बोध्यम् । अनेकानुगतञ्च अनेकनिरूपितसमवायसम्बन्धावच्छिन्नवृत्तित्वम् भवति ।



onlinesanskritbooks.com

**समवायस्य लक्षणम्**

**नित्यसम्बन्धः समवायः । अयुतसिद्धवृत्तिः । ययोर्द्वयोर्मध्ये एकमविनश्यदवस्थमपराश्रितमेवावतिष्ठते, तावयुतसिद्धौ । यथा अवयवावयविनौ, गुणगुणिनौ, क्रियाक्रियावन्तौ, जातिव्यक्ती, विशेषनित्यद्रव्ये चेति ।**

नित्यसम्बन्धः समवायः = नित्य सम्बन्धलाई समवाय भनिन्छ । अयुतसिद्धवृत्तिः= समवाय पदार्थ अयुतसिद्ध पदार्थमा रहन्छ । ययोर्द्वयोर्मध्ये एकमविनश्यदवस्थमपराश्रितमेवावतिष्ठते, तावयुतसिद्धौ= जुन दुई पदार्थका मध्येमा एक पदार्थ नष्ट नहुञ्जेल् परस्पर आपसमा आश्रित भएर रहने दुबैलाई अयुतसिद्ध भनिन्छ। यथा अवयवावयविनौ, गुणगुणिनौ, क्रियाक्रियावन्तौ, जातिव्यक्ती, विशेषनित्यद्रव्ये चेति= जस्तै :- अवयव र अवयवी, गुण र द्रव्य, क्रिया र द्रव्य, जाति र व्यक्ति, नित्यद्रव्य र विशेष ।

**प्रागभावस्य लक्षणम्**

**अनादिः सान्तः प्रागभावः, उत्पत्तेः पूर्वं कार्यस्य ।**

अनादिः सान्तः प्रागभावः, उत्पत्तेः पूर्वं कार्यस्य= अनादि अर्थात् उत्पत्ति न भएको परन्तु अन्त हुनेवाला (नाशवान्) अभाव नै प्रागभाव हो, जस्तै कार्यको उत्पत्तिभन्दा पहिलेको अभाव प्रागभाव थियो, त्यो प्रागभावको उत्पत्ति थिएन, परन्तु कार्यको उत्पत्तिपछि प्रागभाव नष्ट भयो ।

**प्रध्वंसाभावस्य लक्षणम्**

**सादिरनन्तः प्रध्वंसः, उत्पत्यनन्तरं कार्यस्य ।**

सादिरनन्तः प्रध्वंसः, उत्पत्यनन्तरं कार्यस्य= सादिः अर्थात् उत्पत्ति भएको परन्तु अन्त नहुने (अनश्वर) अभाव नै प्रध्वंसाभाव हो।



onlinesanskritbooks.com

जस्तै कार्य (घटादि) उत्पत्तिपछिको नाशरुप अभाव नै प्रध्वंसाभाव हो । यहाँ घटादि कार्यको उत्पत्तिपछि अभाव(नाश) हुन्छ, परन्तु त्यसको अन्त हुँदैन ।

**अत्यन्ताभावस्य लक्षणम्**

**त्रैकालिकसंसर्गावच्छिन्नप्रतियोगिताकोऽत्यन्ताभावः । यथा भूतले घटो नास्ति ।**

त्रैकालिकसंसर्गावच्छिन्नप्रतियोगिताकोऽत्यन्ताभावः= जुन अभावको प्रतियोगिता संसर्गदेखि अवच्छिन्न(युक्त) हुँदै, भूत भविष्यत् र वर्तमान तीनै कालमा रहन्छ, त्यस अभावलाई अत्यन्ताभाव भनिन्छ । यथा भूतले घटो नास्ति = जस्तै भूतलमा घडा छैन, यस्तो अभाव नै अत्यन्ताभाव हो ।

**अन्योन्याभावस्य लक्षणम्**

**तादात्म्यसम्बन्धावच्छिन्नप्रतियोगिताकोऽन्योन्याभावः, यथा घटः पटो नेति ।**

तादात्म्यसम्वन्धावच्छिन्नप्रतियोगिताकोऽन्योन्याभावः= तादात्म्यसम्वन्धले अवच्छिन्न(युक्त) प्रतियोगिता जस्को रहन्छ, त्यसलाई अन्योन्याभाव भनिन्छ । यथा घटः पटो नेति= जस्तै "घडा कपडा हैन" यस प्रकारको अभाव(परस्परको भेद) नै अन्योन्याभाव हो ।

**सप्तैव पदार्था इति उपसंहारः-**

**सर्वेषां पदार्थानां यथायथमुक्तेष्वन्तर्भावात्सप्तैव पदार्था इति सिद्धम् ।**



onlinesanskritbooks.com

सर्वेषां[1] पदार्थानां यथायथमुक्तेष्वन्तर्भावात्सप्तैव पदार्था इति सिद्धम्= (न्यायदर्शनका) प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति र निग्रहस्थान यी १६पदार्थलाई (वैशेषिक दर्शनका) यी द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय र अभाव यी सात पदार्थभित्र अन्तर्भाव गरिएकाले जम्मा सातमात्र पदार्थ छन् भन्ने सिद्ध हुन्छ ॥

**काणादन्यायमतयोर्बालव्युत्पत्तिसिद्धये ।**
**अन्नम्भट्टेन विदुषा रचितस्तर्कसंग्रहः ॥**

काणाद (वैशेषिक) एवं गौतम (न्याय) मत(शास्त्र)मा वालकहरूको व्युत्पत्तिका लागि विद्वान् अन्नंभट्टद्वारा तर्कसंग्रह नामक ग्रन्थको रचना गरियो ॥

न्याय एवं सर्वदर्शनका आचार्य तुलसी पौडेलद्वारा विरचित तर्कसंग्रहको सुखबोधिनी नामक व्याख्या सम्पन्न भयो ॥

समाप्तम् ।

---

१.सर्वेषां – प्रमाणप्रमेयसंशयप्रयोजनदृष्टान्तसिद्धान्तावयवतर्कनिर्णयवादजल्पवितण्डा-हेत्वाभासच्छलजातिनग्रहस्थानानामित्यर्थः । प्रमाणादीनां यथायथं द्रव्यादौ अन्तर्भावो वेदितव्यः । कणादस्येदं काणादम् । काणादन्यायमते इति द्वन्द्वगर्भो कर्मधारयः । कणादप्रोक्तगौतमप्रोक्तमतयोरिति वक्तव्यम् ।( न्यायबोधिनी द्रष्टव्या) ।



onlinesanskritbooks.com

## सन्दर्भग्रन्थानां विवरणम् –

१. श्रीकृष्णवल्लभाचार्यः, **तर्कसंग्रहः** (किरणावलीयुता) चौखम्बा विद्याभवन, वाराणसी ।

२. के. एस. वरदाचार्यः, **तर्कसंग्रहः** ( आलोकव्याखासहिता) आर्षग्रन्थ प्रकाशनम् मैसुर ( कर्नाटक)

३. **तर्कसंग्रहः** ( न्यायबोधिनी-पदकृत्य-विरला-इन्दुमतीटीकासहिता)षष्ठं संस्करणम् , श्रीहरिकृष्णनिबन्धभवनम्, बनारस ।

४.शेषराजसर्मा, **तर्कसंग्रहः** ( हिन्दी-व्याख्यासहिता) चौखम्बा विद्याभवन । रघुनाथनेपालः, केशवशरण अर्यालः न्यायसिद्धान्तमुक्तावली (अनुमानखण्डः) नेपालसंस्कृतविश्वविद्यालय, वेलझुण्डी,दाङ् ।

५. **न्यासिद्धान्तमुक्तावली** (किरणावलीयुता) चौखम्बा संस्कृत संस्थान, वाराणसी ।

६. आचार्य ढुण्डिराजशास्त्री, **न्यायदर्शनम्** चौखम्बा संस्कृत संस्थान, वाराणसी ।

onlinesanskritbooks.com

onlinesanskritbooks.com

# पुस्तक प्राप्ति स्थान

१. श्रीलक्ष्मीनारायण संस्कृत गुरूकुलम्
विराटनगर-५, कञ्चनवारी

२. श्रीलक्ष्मीनारायण वेद विद्याश्रम मा.वि. (गुरूकुलम्)
विराटनगर-१६, पाञ्चाली, मोरङ

३. श्रीमद्रामानुज वेद विद्याश्रम
गैडाकोट नवलपरासी

onlinesanskritbooks.com